का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ असार २०८२,
बुधबार
2 July, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १५० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नैतिकताको कसीमा संसदीय समिति

**निजामती विधेयकमा उत्पन्न विवादित विषय सभामुखको भूमिकाबाट सच्याउन मिल्नेसम्म सच्याउने र राष्ट्रिय सभामा लगेर आवश्यक थप संशोधन गरेर सबै सरकारी कर्मचारीका हकमा दुई वर्ष कुलिङ पिरियड लागू हुने प्रष्ट प्रावधान राख्ने गरी सहमति जुटाइँदैछ ।**



हामीलाई थाहा नभइ, समितिका कसैलाई पनि थाहा नभइ उपदफा लेखियो । यसमा हाम्रो केही दोष छैन र दोषीलाई कारबाही गरियोस् भनेर सभामुखसँग आग्रह गरेको छु

■ **रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था तथा सुशासन समिति



यो विषय गम्भीर हो । यो सामान्य विषय होइन, यो सच्याउने मात्रै होइन, गम्भीर छानबिनको विषय हो । यसको कुन प्रोसेसमा पुगेर, कुन ठाउँमा पुगेर त्रुटि भएको हो त्यो खोज्छौं

■ **देवराज घिमिरे**
सभामुख



राज्य व्यवस्था समितिका सभापतिज्यू, कि सुधार्नुस्, कि आफूले गरेको नालायकीपन स्वीकार गरेर समितिबाट राजीनामा दिनुस् । र, पढ्दै नपढेर 'हुन्छ' 'हुँदैन' भन्नेहरूलाई 'कुरी कुरी'

■ **मनिष झा**
प्रवक्ता, रास्वपा



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असार ।

मंगलबार दिनभर नेपाली राजनीति निजामती कर्मचारीमा कुलिङ अफ पिरियडको विषयले तरंगित भयो । प्रतिनिधि सभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूले आफूहरूले सही नियतका साथ अवकाश प्राप्त कर्मचारीका लागि कुलिङ अफ पिरियड लागू हुने भनेर प्रावधान राखेको बताइरहे । त्यसअनुकूलको प्रावधान प्रतिनिधि सभाबाट पारित विधेयकमा नरहेको भनेर सार्वजनिकरूपमा प्रश्न उठेपछि सांसदहरू प्रष्टीकरणमा केन्द्रित रहे ।

कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो । प्रतिनिधि सभाबाट पारित विधेयकअनुसार निजामती कर्मचारी र सरकारी कर्मचारीले राजीनामा दिएपछि वा अवकाश लिएको मितिले दुई वर्षसम्म संवैधानिक र कूटनीतिक नियुक्ति पाउँदैनन् ।

संवैधानिक परिषद्ले संवैधानिक आयोगका नेतृत्व र पदाधिकारी सिफारिस गर्छ । मन्त्रिपरिषद्ले विभिन्न देशमा राजदूत सिफारिस गर्छ । न्याय पारिषद्ले न्यायाधीशमा नाम सिफारिस गर्छ । प्रचलित ऐनअनुसार अवकाशप्राप्त कर्मचारीले यी राज्यका संयन्त्रबाट सिफारिस लिन सक्छन् । यदि कुलिङ अफ पिरियड लागू भयो भने राजीनामा दिएका वा अवकाश लिएका सरकारी कर्मचारीले संवैधानिक नियुक्ति पाउन दुई वर्ष कुर्नुपर्ने हुन्छ ।

यसका अलावा सरकारी कर्मचारीले अवकाश पाएपछि निजी क्षेत्र वा गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्नसमेत नपाउने गरी प्रतिनिधि सभाले विधेयक पारित गरेको »» पृष्ठ २ मा

## ७ बुँदे सहमतिको एक वर्ष

# सत्ता सहयात्रामै सीमित

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १७ असार ।

प्रतिनिधिसभाको पहिलो र दोस्रो ठूलो दल नेपाली कांग्रेस र नेकपा (एमाले) बीच ७ बुँदे सहमतिसहित सत्ता सहकार्यको निर्णय गरेको मंगलबार १ वर्ष पुगेको छ ।

सामान्य संसदीय लोकतान्त्रिक अभ्यासलाई कुल्चदै २ ठूला दलवीचको सत्ता सहकार्यलाई राष्ट्रहित र नागरिक चाहनाबमोजिम भनिएपनि बितेको १ वर्षमा सरकारको कार्यशैलीले त्यसलाई प्रतिनिधित्व गर्न नसकेको टिप्पणी भएको छ । १७ असार २०८१ को मध्यरातमा कांग्रेस-एमालेबीच एकाएक भएको ७ बुँदे सहमतिमध्ये सत्ता सहयात्रा बाहेकका विषयले अहिलेसम्म प्राथमिकता पाउन सकेको छैन ।

सहमतिको पहिलो बुँदामा उल्लेखित राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत 'राष्ट्रिय सहमति'को सरकार निर्माण गर्ने भनिएको थियो । सोही अनुसार केही दलहरूलाई सामेल गराएर सरकार गठन भएपनि 'राष्ट्रिय सहमति'को सरकार बनाउन दलहरूले प्रयास नै गरेनन् ।

'राष्ट्रिय सहमतिको सरकार' बनाउन बाहेक सहमतिका बाँकी ६ वटा बुँदाका सन्दर्भमा सरकारले केही गर्न नसकेको सत्तापक्षकै सांसदहरूले टिप्पणी गरेका छन् ।

सरकार बनाउन मात्रै संसदका २ ठूला दल मिलेको जस्तो देखिएको नेपाली कांग्रेसकी नेता डा. डिला संग्रौलाले टिप्पणी गरिन् । 'संसदका २ ठूला दलबीचको सत्ता सहकार्य केवल सरकार चलाउन मात्रै भएजस्तो देखिएको छ', उनले मध्यान्हसँग भनिन् 'जनतालाई सुशासन, सम्वृद्धि र विकास दिने भन्ने नारा गफमै सिमित भएको छ । ७ वटा बुँदा मध्ये सरकार चलाउनेबाहेक केही पनि कार्यान्वायन हुन सकेको स्थिति छैन् । संविधान संशोधनका सवाल शुन्यमै छ । सरकारको यो कार्यशैलीले ठूला २ दलबीचको सत्ता सहकार्यको औचित्यमाथि प्रश्न उठेको छ ।'





७ बुँदामध्ये सरकार चलाउने बाहेक केही पनि कार्यान्वायन हुन सकेको स्थिति छैन

● **डा. डिला संग्रौला**
नेता, नेपाली कांग्रेस



संविधान संशोधन संसद्बाट पारित हुने परिस्थिति नभएको र बहस अनियन्त्रित हुनसक्ने कुरामा ख्याल गरेका छौं

● **महेश बर्तौला**
मुख्य सचेतक, नेकपा एमाले

सरकारका मन्त्रीहरू सधैं मन्त्री हुन्छौं भन्ने भ्रम पालेर आफ्ना क्षेत्रमा बजेट हाल्ने बाहेक प्रभावकारी काम गर्न नसकेको उनले बताइन् । राम्रा कामको जस प्रधानमन्त्रीलाई जाने तर नराम्रा कामको दोष कांग्रेसले खेप्दै आएको नेता संग्रैलाको टिप्पणी छ ।

संविधान प्रारम्भ भएपश्चात अभ्यासमा देखापरेका सवल र दुर्वल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने २ दलबीच सहमति भएको थियो । तर, सत्ता गठबन्धनको १ वर्ष पुगिसक्दासमेत उक्त विषयमा सरकार सम्बद्ध दलहरूबीच कुनै छलफल प्रारम्भ भएको छैन् । त्यस्तै आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने कांग्रेस-एमालेले सहमति गरेका थिए । यी कुनै विषयमा पनि सरकार सचेत देखिएको छैन् ।

यद्यपि नेकपा (एमाले)का नेताहरूले राजनीतिक स्थिरतालाई उपलब्धिका रूपमा लिएका छन् । एमाले प्रमुख सचेतक महेश बर्तौलाले वर्तमान सत्ता सहकार्यपछि राजनीतिक स्थिरता भएको र ठूला भ्रष्टाचारका काण्डहरूमा सफलता मिलेको दाबी »» पृष्ठ २ मा

# उपभोक्ता अदालतविरुद्ध चिकित्सक

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १७ असार ।

उपभोक्ताले मूल्य, गुणस्तर या अन्य कुनै पक्षबाट आफू ठगिएको महसुस गरे क्षतिपूर्ति माग र दाबी गर्न बाटो खुलेपछि भएका न्यायिक निर्णयविरुद्ध आवाज उठ्न थालेको छ ।

खासगरी चिकित्सकीय क्षेत्रमा लापरवाही तथा त्रुटीका कारण भएको क्षतिप्रति उपभोक्ता अदालतले गरेका निर्णय विरुद्ध चिकित्सकहरू संगठित हुन थालेका हुन् ।

उपभोक्ता अदालतले चिकित्सकीय क्षेत्रमा भएको लापरवाही र त्रुटीमा क्षतिपूर्तिसहित फैसला गर्न थालेपछि चिकित्सकहरूको साझा संगठन नेपाल चिकित्सक संघ आन्दोलित भएको हो ।

उपभोक्ता संरक्षण ऐन जारी भएको ६ वर्षपछि गत २ चैतमा सरकारले उपभोक्ता अदालत स्थापना गरेको हो । यसको स्थापनासँगै गुणस्तरहीन सेवा र वस्तुको प्रयोगबाट उपभोक्ता पीडित हुनुपर्ने झन्झटबाट मुक्त हुन थालेका छन् ।

तर स्वास्थ्य उपचारमा भएको लापरबाही मुद्दामा उपभोक्ता अदालतले »» पृष्ठ २ मा



उपभोक्ताको पक्षमा अदालतले गरेको आदेशलाई मान्दिनँ भन्नु सरासर गलत हो, अदालतलाई दिएको चुनौती हो

**विष्णुप्रसाद तिमिल्सिना**
महासचिव, उपभोक्ता हित संरक्षण मञ्च



उपभोक्ता अदालतले अस्पतालहरूविरुद्ध गरेको फैसला अर्ध न्यायिक निकायको रूपमा रहेको नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारसँग बाझिएको छ

**डा. सञ्जीव तिवारी**
महासचिव, नेपाल चिकित्सक संघ

## के छ फैसलामा ?

अदालतले विरामीको उपचारमा लापरवाही भएको जनाउँदै हालै काठमाडौंका ३ अस्पताललाई विरामी पक्षका परिवारलाई आर्थिक क्षतिपूर्ति तिर्नुपर्ने फैसला गरेको थियो ।

काठमाडौंको ओम अस्पतालले ५० लाख ७० हजार रुपैयाँ, काठमाडौंकै हिमाल अस्पताल र चिकित्सकलाई १ करोड ४५ लाख रुपैयाँ र काठकाडौंकै ग्राण्डी सिटी अस्पताल र चिकित्सकलाई ५७ लाख रुपैयाँ क्षतिपूर्ति विरामी पक्षका परिवारलाई तिर्नुपर्ने अदालतले फैसला गरेको हो ।

चावहिलमा रहेको ओम अस्पतालको गलत तथा गुणस्तहीन उपचारका कारण आफ्नो बुबाको मृत्यु भएको दाबी गर्दै ५ करोड रुपैयाँ क्षतिपूर्ति पाउने माग गरी बुढानिलकण्ठका वसन्त गौतमले मुद्दा दायर गरेका थिए । मुद्दामाथि अदालतले २९ जेठमा फैसला गर्दै ५६ लाख »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सेवा शुल्क परिमार्जन नहुँदासम्म व्यवसाय सम्मानित हुँदैन : अध्यक्ष गुरुङ



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले नयाँ कार्यसमिति वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानसहित रचनात्मक काममा प्रयासरत रहेको बताएका छन् ।

संघको ३३औं स्थापना दिवसका अवसरमा संघको सभाहल सिफलमा आयोजित कार्यक्रममा उपस्थित व्यवसायीहरूलाई सम्बोधन गर्दै अध्यक्ष गुरुङले उक्त धारणा राखेका हुन् । अध्यक्ष गुरुङले भर्खरै मात्र संघको वार्षिक साधारण सभा सकिएकाले संघ स्थापना दिवस »» पृष्ठ २ मा

## वैदेशिक रोजगारबाट फर्केका आठ उत्कृष्ट उद्यमीलाई सम्मान



काठमाडौं/मस- सरकारले वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र पुँजी प्रयोग गरी स्वदेशमा उद्यमशीलता गरिरहेका आठ युवालाई सम्मान गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा श्रममन्त्री शरतसिंह भण्डारीले सातै प्रदेशबाट प्रतिनिधित्व हुने गरी उनीहरूलाई सम्मान प्रदान गरे । »» पृष्ठ २ मा

**नैतिकताको...**

छ । तर प्रतिनिधि सभाबाट पारित विधेयकको मनसाय सबैका हकमा दुई वर्ष कुलिङ अफ पिरियड लागू गर्ने रहेता पनि यसअनुसारको भाषा नपरेको भनेर मंगलबार दिनभर राजनीति तरंगित भएको हो ।

बिहानै राजनीतिक दलका नेताहरूले सभामुख देवराज घिमिरेलाई भेटे । दिउँसो नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा समेत कुरा उठ्यो । जहाँ राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा आफैं थिए । खतिवडाले कर्मचारीले सांसदलाई झुक्याउने काम गरेको बताएका छन् ।

'तल उपदफा लेखिएछ, हामीलाई थाहा नभइ, समितिका कसैलाई पनि थाहा नभइ उपदफा लेखियो,' सभापति खतिवडाले भने, 'यसमा हाम्रो केही दोष छैन र दोषीलाई कारबाही गरियोस् भनेर सभामुखसँग आग्रह गरेको छु ।'

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सचिवहरूमार्फत आएको ड्राफ्टिङमा समस्या भएको र त्यसलाई आफूहरूले सदर गर्दा समस्या भएको उनको तर्क छ ।

उनका अनुसार समितिमा जुटेको यस्तो सहमतिलाई विधेयकको कुन दफामा राख्ने र के भाषा लेख्ने भनेर समिति सचिवालय, कानुन मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका कर्मचारीहरूले काम गरेका थिए ।

जसअनुसार विधेयकको दफा ८२ मा 'अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने' भन्ने प्रावधान राखिएको छ । जहाँ निजामती कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्न नहुने व्यवस्था छ ।

उदफा ४ मा कुलिङ पिरियडबारे प्रावधान छ । जहाँ भनिएको छ, 'निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभइ कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन ।'

उपदफा ५ मा अर्को व्यवस्था छ । जहाँ संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म गर्न नहुने कामको सूची छ । जहाँ 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन' नपाउने भन्ने विषय छ ।

अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न नपाउने भनिएको छ । अन्यथा, सरकारले दिने सेवा सुविधा खोसिने व्यवस्था उपदफा ६ मा छ । जहाँ भनिएको छ, 'उपदफा (५) विपरीत त्यस्तो काम गर्ने व्यक्तिले यो ऐनबमोजिमको सेवा सुविधा लिन पाउने छैन ।' राज्य व्यवस्था समितिका सचिव सुरजकुमार दुराका अनुसार उपदफा ४ राज्यका निकायले अवकाश प्राप्त सरकारी कर्मचारीलाई दिन सक्ने प्रावधान हो । जो संवैधानिक परिषद्, मन्त्रिपरिषद्, न्याय पारियद्बाट नियुक्ति सिफारिस भएर अगाडि बढ्छन् । उपदफा ५ व्यक्तिले जिम्मेवारी लिनेसँग सम्बन्धित छ। सचिव दुरा भन्छन्, 'कुनै निजी कम्पनी, गैरसरकारी संघसंस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदारले दिने नियुक्ति स्वीकार गर्नेसँग सम्बन्धित विषय उपदफा ५ मा छ ।'

निजी क्षेत्रबाट दिन सकिने जिम्मेवारीको विषय कल्पना गरेर उपदफा ५ राखिएको र यस्तो जिम्मेवारी संवैधानिक र कूटनीतिक बाहेकको हुने भन्ने मनसाय ड्राफ्टको रहेको उनको दाबी छ ।

उपदफा ५ अनुसार कसैले जिम्मेवारी लिए त्यस्तो व्यक्तिले पाउने सेवा सुविधा रोकिने भन्ने प्रावधान उपदफा ६ मा रहेकाले कुलिङ पिरियड लागू हुनेमा समस्या नरहेको बुझाइ आफूमा रहेको सचिव दुरा बताउँछन् ।

तर निजामती विधेयकमा राजनीतिक सहमति जुटेअनुसार भाषासहितको ड्राफ्ट बनाउने काम गर्दा नै त्रुटि भएको कतिपयको आरोप छ । राज्य व्यवस्था समितिका सभापति खतिवडाले पनि यस्तै तर्क गरेका हुन् ।

नेताहरूको कुरा सुनेपछि सभामुख घिमिरेले छानबिन हुनुपर्ने राय प्रकट गरेका छन् । सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार सभामुख घिमिरेले भनेका छन्, 'यो विषय गम्भीर हो । यो सामान्य विषय होइन, यो सच्याउने मात्रै होइन, गम्भीर छानबिनको विषय हो । यसको कुन प्रोसेसमा पुगेर कुन ठाउँमा पुगेर त्रुटि भएको हो त्यो खोज्छौं ।'

तर यस विषयलाई कसरी टुंग्याउने भनेर तय भएको छैन । यो विषयमा सभामुख घिमिरे संसद सचिवालयका महासचिव, सचिवलगायतसँग छलफलमा रहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता मनिष झा भने संसदीय समिति र सांसदहरू दुवैको त्रुटि रहेको दाबी गर्छन् ।

'राज्य व्यवस्था समितिका सभापतिज्यू, निजामती विधेयकमा तपाईंले संघीय सदनको रोस्टमबाट टेबुल गरेको भन्दा फरक कुरा कसरी आयो ?' झाको सुझाव छ, 'कि यो सुधार्नुस्, कि आफूले गरेको नालायकीपन स्वीकार गरेर समितिबाट राजीनामा दिनुस् । र, पढ्दै नपढेर 'हुन्छ' 'हुँदैन' भन्नेहरूलाई 'कुरी कुरी' ।'

अर्थात, विधेयक पारित गर्नु अगाडि राज्य व्यवस्था समितिका सभापतिले ख्याल गर्नुपर्ने, सांसदहरूले ख्याल गर्नुपर्नेमा त्यसो हुन नसकेको झाको टिप्पणी छ ।

नेताहरूका अनुसार निजामती विधेयकमा उत्पन्न विवादित विषयमा सभामुखको भूमिकाबाट सच्याउन मिल्नेसम्म सच्याउने र राष्ट्रिय सभामा लगेर आवश्यक थप संशोधन गरेर सबै सरकारी कर्मचारीका हकमा दुई वर्ष कुलिङ पिरियड लागू हुने प्रष्ट प्रावधान राख्ने गरी सहमति जुटाइँदैछ ।

**सत्ता...**

गर्छन् । मुलुकको आर्थिक अवस्थामा सुधार र सुशासनको पक्षमा समेत काम भइरहेको उनको दाबी छ । 'यो सरकार गठन भएपछि राजनीतिक स्थिरता कायम भएको छ', उनले भने, 'ठूला भ्रष्टाचारका काण्डमा सरकारले कारबाही अघि बढाएर सुशासनको प्रत्याभूति नागरिकमा दिएको छ । संविधान संशोधनको विषय प्रस्तावका रूपमा छलफलका लागि बाहिर ल्याउँदै गर्दा एकातिर संसद्बाट पारित हुने परिस्थिति पनि नहुने र अर्कोतिर बहस अनियन्त्रित ढंगबाट जान सक्ने परिस्थितिलाई पनि हामीले ख्याल गरेका छौं ।' ७ बुँदे सहमतिमा १० वर्षमा संविधान कार्यान्वयनको समग्र परिस्थितिको समीक्षा गरी संशोधनका माध्यमबाट संविधानमा सुधार गर्ने विषयमा दुवै दलका नेताहरूले अभिव्यक्ति दिइ रहेपनि यसको कार्यान्वयनको पाटो कमजोर देखिएको छ ।

२ दलसँग संविधान संशोधनका लागि आवश्यक पर्ने दुई तिहाइ बहुमत नपुग्ने भएकाले पनि सरकारलाई सहमति कार्यान्वयनमा सकस परेको नेताहरूको बुझाइ छ । कांग्रेस-एमालेका नेताहरू संविधान संशोधनका लागि बहस अघि बढाउँदा आवश्यक संख्या नपुग्ने र बहस अनियन्त्रित ढंगबाट जाने शंका उनीहरूमा छ । नेताहरू कमजोर भएकाबेला संविधान संशोधनका कुरा गर्दा थप दुर्घटना हुन सक्ने नेपाली कांग्रेसका नेता चन्द्र भण्डारीले बताए । उनले भने 'अहिले राजनीतिक तरलताको अवस्था छ । योबेला २ नेताबीच भएका सबै कुराकानी कार्यान्वायन भइहाल्छ भन्ने छैन । राष्ट्रिय नेता भएकाबेला पो राष्ट्रिय एजेण्डाका कुरा हुन्छन्, नेता नै कमजोर भएकाबेला संविधान संशोधनको विषयले थप दुर्घटना हुन सक्छ ।'

संविधान संशोधनको विषय सबैको सहमतिमा हुनु पर्ने भण्डारीको तर्क छ । तर, यो कांग्रेस-एमाले गठबन्धन सरकारले नागरिकका पक्षमा देखिनेगरी काम गर्न नसकेको स्वीकार गरे । प्रतिपक्ष दलहरूले भने वर्तमान सत्ता गठबन्धन बिचौलिया र तस्करहरूको साँठगाँठमा बनेकाले नागरिकका पक्षमा काम गर्ने आधार नदेखिएको आरोप लगाउँदै आएका छन् ।

**उपभोक्ता...**

गरेको निर्णयको प्रतिवादमा चिकित्सक संघ उत्रेको छ ।

संघका महासचिव डा. सञ्जीव तिवारीले उपभोक्ता अदालतले अस्पतालहरूविरुद्ध गरेको फैसला अर्धन्यायिक निकायको रूपमा रहेको नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारसँग बाझिएको दाबी गर्छन् ।

**के छ...**

८१ हजार रुपैयाँ अस्पतालले दिनुपर्ने निर्णय गर्‍यो । फैसलाअनुसार अस्पतालले ५० लाख ७० हजार र २ जना चिकित्सकले जनही ३ लाख ५ हजार ५ सय रुपैयाँ तिर्नुपर्ने भयो । यसैगरी वर्षा भण्डारीले आफ्नो प्लास्टिक सर्जरी गुणस्तरीय नभएको भन्दै ग्रान्डी सिटी अस्पतालविरुद्ध ३ करोड १७ लाख क्षतिपूर्ति माग गरेकोमा अदालतले ५ असारमा ५७ लाख १९ हजार क्षतिपूर्ति भराउने फैसला गर्‍यो । यसमा अस्पतालले ३० प्रतिशत र चिकित्सकले ७० तिर्नुपर्ने भएको छ ।

यस्तै गंगा गौतमले काठमाडौंको ज्ञानेश्वरम हिमाल अस्पतालको लापरबाही भएका उपचाररत छोरीको मृत्यु भएको भन्दै १ करोड ९५ लाख रुपैयाँ क्षतिपूर्ति पाउनुपर्ने मागसहित उपभोक्ता अदालतमा मुद्दा दायर गरेका थिए । १२ असारमा अदालतले फैसला गर्दै १ करोड ४५ लाख रुपैयाँ पीडित पक्षलाई भराउन आदेश दियो । जसमा अस्पतालले ७० प्रतिशत र उपचारमा संलग्न डा. जगदेव यादवले ३० प्रतिशत रुपैयाँ तिर्नुपर्ने छ । यसरी स्वास्थ्य संस्था र चिकित्सकहरूलाई अदालतले क्षतिपूर्ति भराउन थालेपछि चिकित्सक संघ रुष्ट भएको हो । अस्पताल र उपचारमा संलग्न चिकित्सकलाई बिरामीका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने फैसला अदालतले गरेपछि चिकित्सकहरूले प्रतिवाद गरेका हुन् । यसै सन्दर्भमा संघले काठमाडौंका विभिन्न अस्पतालका प्रमुखहरू, पेशागत संघ संस्थाका प्रमुखहरूसँग छलफल गरी विरोधका कार्यक्रम अघि सारेको छ । छलफलमा विभिन्न अस्पतालका प्रमुखसहित एसोसिएसन अफ प्राइभेट मेडिकल एण्ड डेन्टल कलेज अफ नेपाल (अफिन), नेपाल औषधि उत्पादक संघ, नेपाल नर्सिङ एसोसिएसन, चिकित्सक समाज लगायतका संस्थाका प्रमुख तथा प्रतिनिधि उपस्थित थिए ।

**विरोध किन ?**

उपभोक्ता अदालतको फैसला अपाच्य हुने भन्दै संघले स्वास्थ्य सेवालाई व्यापारिक ढाँचामा हेर्नु त्रुटीपूर्ण हुने जिकिर गर्दै फैसलाको पुनरावलोकन गर्न माग गरेको छ । उपचारमा देखिने जटिलता वा प्रतिकूल असरका लागि चिकित्सकलाई कारवाही गर्नु न्यायसंगत नहुने संघको तर्क छ । यस्तै, स्वास्थ्य सेवा र चिकित्सकसँग सम्बन्धित विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्यांकन गरिनुपर्ने संघले बताएको छ ।

चिकित्सकद्वारा उपचारको क्रममा त्रुटि भएमा उजुरी हेर्ने जिम्मेवार संस्था नेपाल मेडिकल काउन्सिल रहेकाले यस्ता मुद्दाहरू काउन्सिलमार्फत नै अघि बढाउनुपर्ने हाम्रो माग रहेको महासचिव तिवारी भन्छन् । 'चिकित्सकद्वारा उपचारको क्रममा त्रुटि भएमा उजुरी हेर्ने निकाय काउन्सिल नै रहेकाले यस्ता मुद्दाहरू काउन्सिलमार्फत नै अघि बढाउनुपर्ने हाम्रो माग छ', उनले भने । तवारीले चिकित्सक तथा अस्पतालहरूलाई कारबाही तथा क्षतिपूर्ति भराउने गरेको उपभोक्ता संरक्षण ऐन २०७५ मा संशोधनको माग पनि गरे ।

यसका लागि दबाब दिन देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले मंगलबार ७२ घण्टे हातमा कालोपट्टी बाँधेका छन् । संघले विरोध कार्यक्रमलाई समन्वय गर्न महासचिव तिवारीको संयोजकत्वमा टास्कफोर्स पनि गठन गरेको छ । यस विषयमा थप दबाब दिन बिहीबार टास्कफोर्सको बैठक बस्दैछ । टास्कफोर्सले सरकारका सम्बन्धित निकायसँग छलफल गरी चिकित्सा पेशाको स्वतन्त्रता र उत्तरदायित्व जोगाउन आवश्यक दबाब दिने योजना बनाएको छ ।

स्वास्थ्य सेवामा हुने लापरबाही रोक्न र स्वास्थ्य संस्था तथा चिकित्सकलाई जवाफदेही बनाउन उभोक्ता अदालतमार्फत सरकारले यस्तो कानुनी व्यवस्था बनाएको हो । तर यो व्यवस्थाप्रति चिकित्सक रुष्ट देखिए पनि कानुन व्यवसायीहरूले भने मेडिकल काउन्सिलभन्दा माथिको निकाय अदालतले गरेको निर्णय मान्दिनँ भन्न नपाउने बताउँछन् ।

उपभोक्ता हित संरक्षण मञ्चका महासचिव तथा वरिष्ठ अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनाले डाक्टरहरू संविधान, अदालत र कानुनभन्दा आफूहरू माथि रहेको देखाएको टिप्पणी गरे । 'उपभोक्ताको पक्षमा अदालतले गरेको आदेशलाई मान्दिनँ भन्नु सरासर गलत हो, अदालतलाई दिएको चुनौती हो', उनले भने । चिकित्सकहरूले अदालतको आदेशविरुद्ध उत्रिएपछि मञ्चले उच्च अदालत पाटनमा अवहेलना मुद्दा दर्ता गरेको छ । तिमिल्सिनाले भने, 'अदालतलाई चुनौती दिएका डाक्टरहरूको यो अराजकताको पराकाष्ठा हो ।'

उपभोक्ता अदालतका वरिष्ठ अधिवक्ता विष्णु तिमिल्सेना न्यायालयले गरेको निर्णयविरुद्ध आपत्ति जनाउनु भनेको संविधान अनि कानुन मान्दिनँ भन्नु रहेको बताउँछन् । 'उपभोक्ताको संरक्षणका लागि हरेक पेशा व्यवसायका व्यक्ति जिम्मेवार हुनुपर्छ,' तिमिल्सेना भन्छन्, 'यो भाव चिकित्सक र अस्पताल सञ्चालकमा आएन, जुनसुकै पेशाले पनि गल्ती र कानुन विपरीत गरिएका क्रियाकलापमा ध्यान दिनैपर्छ ।'

उपभोक्ता अदालतले संविधान र कानुनअनुसार नै न्यायिक प्रक्रिया पूरा गरेर फैसला गरेको जनाएको छ । विषयवस्तुको गहिराइ बुझेर विज्ञको परामर्शअनुसार नै मुद्दाको छिनोफानो हुने भए पनि फैसला चित्त नबुझे पुनरावेदनमा जान सकिने बाटो खुला हुने अदालतको भनाइ छ । उपभोक्ता अदालतको क्षेत्राधिकारमाथि नै चिकित्सकहरूले प्रश्न उठाएपछि स्वास्थ्य मन्त्रालयले पनि यसमा चासो देखाएको छ । मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले यस विषयमा छलफल जारी रहको बताउँछन् ।

**सेवा...**

सामान्य कार्यक्रम राखेर मनाइएको बताए ।

अध्यक्ष गुरुङले वर्तमान कार्यसमिति निर्वाचित भएपछि जापानमा कामदार पठाउने कार्यविधि २०८० मा रहेको आफ्नै भवन र तालिम जस्ता विषय हटाएर सबै व्यवसायीले कामदार पठाउन पाउने गरी सबैलाई समान अवसर सिर्जना गरेको, मलेसिया सिन्डिकेट निरस्त गरेर आतंकित अवस्थामा रहेका व्यवसायीलाई सुनिश्चितता दिएको बताए ।

उनले सेवा शुल्क नतोकिएसम्म व्यवसायी सम्मानित नहुने र सेवा शुल्क परिमार्जन नहुँदासम्म सरकार, कामदार र व्यवसायी तीन वटै पक्षलाई घाटा हुने भएकाले सेवा शुल्क परिमार्जनमा संघको निरन्तर दबाब रहेको बताए ।

मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान गरेको र वैदेशिक रोजगार पृष्ठभूमिका व्यक्तिहरू मन्त्री, सांसद र राजदूत बनेकाले यो क्षेत्र कमजोर होइन भन्ने पुष्टि भएको भन्दै उनले वैदेशिक रोजगार क्षेत्र कमजोर भएमा त्यसले सबै क्षेत्र नकारात्मक प्रभाव पार्ने भएकाले सरकारले उचितरूपमा महत्व दिएर देखिएका समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

वैदेशिक रोजगार व्यवसायमा पढेलेखेका दोस्रो पुस्ता भएपनि आकर्षित भएको भन्दै समाजमा सामाजिक उत्तरदायित्वका काम गरेर पहिचान चम्काउनुपर्ने धारणा राखे । त्यसैगरी बाजुराका आगलागीबाट पीडितलाई १ लाख ७६ हजार सहयोग गरेको र ३३औं वार्षिकोत्सवमा कीर्तिपुरमा आश्रित चेपाङलगायत अविभावकविहीन बालबालिकालाई सहयोग गरेको भन्दै उनले सामाजिक उत्तरदायित्वका कामलाई प्राथमिकतामा राखिएको बताए ।

पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटले वर्तमान अवस्थामा वैदेशिक रोजगार व्यवसाय नेपालका लागि अपरिहार्य बनेको र जोखिम पनि उत्तिकै भएकाले सबै व्यवसायीलाई समेटेर वार्षिकरूपमा गर्ने कार्यक्रमको क्यालेन्डर नै बनाएर अगाडि बढ्न संघलाई सुझाव दिए ।

त्यस अवसरमा संघले पूर्वअध्यक्ष रानाभाट, पूर्वद्वितीय उपाध्यक्ष तथा वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजका अध्यक्ष तीर्थबहादुर गुरुङ र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापालाई सम्मान गरेको थियो । कार्यक्रम सञ्चालन गर्दै संघका महासचिव महेशकुमार बस्नेतले व्यवसायलाई सुरक्षित, मर्यादित बनाउन अग्रज व्यवसायीहरूसँग समन्वय गरेर संघ अघि बढ्ने जानकारी दिए । ३३औं स्थापना दिवसका अवसरमा संघले केक काटेर बधाई तथा शुभकामना साटासाट गरेको थियो ।

३३औं स्थापना दिवसका अवसरका अवसरमा संघले भत्केपाटी कीर्तिपुरस्थित चिल्ड्रेन अफ द स्ट्रिट नामक गैरसरकारी संस्थामा आश्रित बालबालिकालाई खाद्यान्न, स्टेसनरी र स्यानेटरी प्याड वितरण गरेको छ ।

सहयोग हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष गुरुङले आफूहरूले बेरोजगार युवायुवतीलाई वैदेशिक रोजगारीमा पठाउने मात्रै नभइ समाजसेवाका काम पनि गरिरहेको बताए । संस्थामा आश्रित बालबालिकालाई राम्रोसँग शिक्षादिक्षा दिएर सुयोग्य कर्णधार बनुन् भन्ने सुभेच्छाले चेपाङ लोपोन्मुख समुदायका बालबालिका रहेको संस्था खोजेर सहयोग गरेको बताए ।

राहत हस्तान्तरण कार्यक्रमको संयोजक रहेकी संघ कोषाध्यक्ष धनुमाया सिन्जालीले व्यवसायीहरूले गरेको व्यक्तिगत सहयोगबाट संकलन भएको एक लाख नौ हजार रुपैयाँबाट २२ बोरा गुणस्तरीय चामलसहित तीन महिनालाई पुग्ने दाल र सेनेटरी प्याड प्रदान गरेको जानकारी दिइन् । उक्त संस्थाको प्रोग्राम म्यानेजर हरिप्रसाद शर्माले संस्थाको तर्फबाट सहयोगका लागि संघलाई आभार व्यक्त गरे । संघको सहयोगले आफू एक्लो नभएको महसुस भएको भन्दै उनले बुबाआमामा नभएका बालबालिकालाई सुरुवातमा बोर्डिङमा र ५ कक्षापछि सरकारी लगानीको मंगल माध्यामिक विद्यालयमा पढाउने गरेको जानकारी दिए ।

कार्यक्रममा महासचिव बस्नेतले संकटमा परेको चेपाङ समुदायसहित अभिभावकविहीन बालबालिकालाई सहयोग गर्न पाउँदा खुशी लागेको बताए । राहत वितरण कार्यक्रममा पूर्वअध्यक्ष रानाभाटसहित संघ कार्यसमितिका पदाधिकारी, सदस्यहरू तथा वैदेशिक रोजगार व्यवसायीहरूको सहभागिता रहेको थियो ।

**वैदेशिक...**

त्यसअवसरमा कोशी प्रदेशका रविन पोखरेल र राजीव खड्का, मधेशका शंकर सिम्खडा, बागमतीका कुमार श्रेष्ठ, गण्डकीका वसन्तबहादुर खड्का, लुम्बिनीका शोभाखर पौडेल, कर्णालीका लक्ष्मीप्रसाद ढकाल र सुदूरपश्चिमका तर्कसिंह विष्टलाई सम्मान गरिएको हो ।

यस वर्षको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार झापाका पोखरेलले प्राप्त गरेका छन् । सो पुरस्कारको राशि एक लाख ५० हजार रुपैयाँ रहेको छ । उनले दमकमा श्री भूमिका सीपमूलक तालिम केन्द्र सञ्चालनमा ल्याइ धेरै जनालाई रोजगारी दिएको त्यस अवसरमा जानकारी दिइयो ।

अन्य उद्यमीले जनही ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । स्वदेश फर्की वैदेशिक रोजगारीबाट आर्जित ज्ञान, सीप, अनुभव र पुँजीलाई उद्यमशीलता र रोजगारीको क्षेत्रमा अधिकाधिक उपयोग गर्दै समृद्ध राष्ट्र निर्माणमा योगदान पुर्‍याउन पुरस्कारले प्रेरणा मिल्ने मन्त्रालयले जनाएको छ । सम्मानित हुनेहरूले विदेशबाट फर्केर कृषि उद्यम, ट्रेनिङ सेन्टर, पशुपालन, क्याटरिङलगायत व्यवसाय गर्दै आएको मन्त्रालयले जनाएको छ । वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेकाहरूलाई पुरस्कृत गर्न मन्त्रालयले गत पुस १६ गते आवेदनका लागि सार्वजनिक सूचना जारी गरेको थियो । पुरस्कार छनोटमा रोजगारी सिर्जना, पुँजी लगानी, स्थानीय स्रोतसाधन र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरे/नगरेको, सामाजिक दायित्व बहन गरे/नगरेको, वातावरणमैत्री प्रविधिको प्रयोग तथा प्रदूषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको र भौगोलिक क्षेत्रलगायत सात वटा मूल्यांकन सूचकलाई आधारका रूपमा लिइएको थियो ।

उक्त सूचनाअनुसार ५६ उद्यमीले आवेदन दिएका थिए । तीमध्ये उत्कृष्टलाई पुरस्कार प्रदान गरिएको हो । त्यसअवसरमा मन्त्री भण्डारीले वैदेशिक रोजगारीबाट फर्केका युवाको श्रम, सीप र पुँजीलाई उद्यमशीलतासँग जोड्न सरकारले प्रयास गरिरहेको बताए ।

मन्त्रालयका सचिव डा कृष्णहरि पुष्करले वैदेशिक रोजगारमा जाँदैमा बौद्धिक पलायन नहुने भन्दै विदेशको ज्ञान, सीप, पुँजी र प्रविधि स्वदेशमा भित्र्याउने उच्च अवसर हुने बताए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/११ मा दर्ता भएको **प्रा.लि. नं. २९१०८२** को **आरम्भ ब्राण्डिङ हब प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## यूएईमा रोजगार

कम्पनी: **BIN HINDI SECURITY SERVICES** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/03/१७ — चलानी नं.: ६०२४०४८३ — L.T. No.: 326524

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 10 | स. काममा दक्ष | 2000 | ७४,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **Protect Middle East LLC** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/03/१५ — चलानी नं.: ६०२४०४८४ — L.T. No.: 326436

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 27 | 0 | स. काममा दक्ष | 1100 | ४१,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **EVER GOLD BUILDING CLEANING L.L.C** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/03/११ — चलानी नं.: ६०२४०२९० — L.T. No.: 326125

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | STOCKERS/CLEARKS | 50 | 0 | | 1000 | ३७,२८० | | | | | | | |

कम्पनी: **Resources for Employment** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८२/०२/२२ — चलानी नं.: ६०२३९१९६ — L.T. No.: 325260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 50 | 0 | | 1100 | ४१,००८ | | | | | | | |
| 3. | Masion | 20 | 0 | | 1300 | ४८,४६४ | | | | | | | |
| 4. | STEEL FIXER | 15 | 0 | | 1300 | ४८,४६४ | | | | | | | |

कम्पनी: **Engineering unit gen contracting** — शहर: **Abu dhabi**
पूर्व स्वीकृत मिति: २०८०/१०/०८ — चलानी नं.: ६०२१३५९० — L.T. No.: 298635 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC DUCTMAN | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Civil Foreman | 4 | 0 | | 2500 | ९३,२०० | | | | | | | |
| 3. | electrician | 1 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |
| 4. | MASON | 6 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |
| 5. | PLUMBER | 5 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |
| 6. | STEEL FIXER | 5 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ असार २५ गते (9 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४



## यु.ए.ई.मा रोजगारी

कम्पनिको नाम: Flourish General Contracting - Sole Proprietorship L.L.C.)
पूर्व स्विकृती मिति : 2025/07/01, लट नं.: 326565, चलानी नं.: 60240488

| SN | कामदारको पद | माग संख्या | मासिक तलब DHS | मासिक तलब NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Carpenter | 3 Male | 1200 | 44700 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| 2 | Steel Fixer | 4 Male | 1200 | 44700 | अन्तर्वार्ता मिति: २०८२ असार २५ गते १० बजे | | | | | | | |
| 3 | Concrete Mason | 2 Male | 1200 | 44700 | | | | | | | | |

## जापानमा रोजगारी

कम्पनिको नाम: Cooperative Neutral Plan, Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : 2025/06/29, लट नं.: 326415, चलानी नं.: 60240473

| SN | कामदारको पद | माग संख्या | मासिक तलब OMR | मासिक तलब NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 Male | 168413 | 161744 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क | जापानको अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | रु. ७००, कामदार आफै | नि:शुल्क | २०८२ असार २५ गते १० बजे |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL
Lic. No.: 17/047/048
**Good Life International Employment Agency Nepal Pvt. Ltd.**
Kathmandu-32, Koteshwor, Nepal, E-mail: info.goodlifenepal@gmail.com
Tel. No.: 01-5100669, Mob: 9816909265, 9851056076, 9851055955, 9803007339



## साइप्रसमा रोजगार

कम्पनी : C & C Private Employment Agency — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/०९/०३ — चलानी नं.: ६०२११६८९ — LT. No.: 296562 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 309 | ४९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/११/२१ — चलानी नं.: ६०२१५९३७ — LT. No.: 301035 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 5 | सम्बन्धित काममा दक्ष | 800 | १२९,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 5 | 10 | | 700 | ११३,०७८ | | | | | | | |

कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८०/१२/०१ — चलानी नं.: ६०२१६६८० — LT. No.: 301753 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १२९,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping Supervisor/ Chamberman/Chambermaid/Supervisor | 0 | 10 | | 700 | ११३,०७८ | | | | | | | |
| 3. | PLUMBER | 2 | 0 | | 800 | १२९,२३२ | | | | | | | |
| 4. | SPA THERAPIST | 0 | 2 | | 800 | १२९,२३२ | | | | | | | |

कम्पनी : ANDRIA KYRIAKOU PRIVATE EMPLOYMENT — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०१/१८ — चलानी नं.: ६०२१८८६८ — LT. No.: 304011 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 6 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १४५,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bartender | 7 | 0 | | 800 | १२९,२३२ | | | | | | | |

कम्पनी : C.&C.PRIVATE EMPLOYMENT AGENCY — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०३/१७ — चलानी नं.: ६०२२१८४१ — LT. No.: 307025 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | १६९,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamber Maids | 5 | 0 | | 1061 | १७१,३९३ | | | | | | | |
| 3. | Cook | 2 | 0 | | 1300 | २१०,००२ | | | | | | | |
| 4. | kichen helper | 3 | 0 | | 900 | १४५,३८६ | | | | | | | |
| 5. | waiter | 4 | 0 | | 1235 | १९९,५०१ | | | | | | | |

कम्पनी : C.&C.PRIVATE EMPLOYMENT AGENCY — शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ — चलानी नं.: ६०२२१८९० — LT. No.: 307188 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | १६९,६१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 4 | 0 | | 1061 | १७१,३९३ | | | | | | | |
| 3. | Cook | 2 | 0 | | 1300 | २१०,००२ | | | | | | | |
| 4. | kitchen helper | 3 | 0 | | 900 | १४५,३८६ | | | | | | | |
| 5. | waiter | 5 | 0 | | 1235 | १९९,५०१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २५ गते (9 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Seasonal Manpower Company Pvt. Ltd.**
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोन: नं.: ०१-४९८०५३८, Email: seasonalmp@gmail.com
Mobile: 9851082831, 9705083832, 9705082831
श्रम इजाजत नं ९८५/०६७/०६८



## साउदी र कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ALWATHIQ COMPANY FOR MAINTENANCE AND CLEANING** — शहर: **Riyadh**
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ — चलानी नं.: ६०२४०४९० — LT. No.: 326490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 4 | 0 | स. काममा दक्ष | 1400 | ५१,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **GOLDEN FUTURE FACILITY MANAGEMENT AND SERVICES** — शहर: **Qatar**
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ — चलानी नं.: ६०२४०४९१ — LT. No.: 326465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer / Helpers | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1300 | ४८,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing Labor | 0 | 1 | | 1300 | ४८,८४१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २५ गते (9 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु.१०,००० कतारको नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**UNITED WORLD MANPOWER PVT. LTD.** श्रम इजाजत नं. १२२०/०७४/७५
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com

# निजामती विधेयकमा गम्भीर षड्यन्त्र : प्रचण्ड

**काठमाडौं/मस-** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संघीय निजामती सेवा विधेयक पारित गर्ने क्रममा गम्भीर षड्यन्त्र भएको बताएका छन् ।

योङ कम्युनिष्ट लिग, नेपाल (वाइसिएल) को केन्द्रीय पदाधिकारी बैठकलाई मंगलबार पेरिसडाँडामा सम्बोधन गर्दै अध्यक्ष दाहालले निजामती सेवा विधेयकमा चलखेल स्वीकार्य नहुने बताए । उनले यस विषयमा छानबिन गरेर कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा जोड दिए । 'परिवर्तनका उपलब्धिहरू उल्ट्याउने षड्यन्त्र हुँदै आएको छ । आज तपाईंहरूले संघीय निजामति विधेयकमा पनि हेर्नुभएको छ, त्यसमा षड्यन्त्र भएको छ,' उनले भने, 'यो विधेयकमा कसले बदमासी गऱ्यो, त्यसको छानबिन गरी चलखेल तथा छेडखानी गर्ने प्रवृत्तिमाथि कारबाही गराउनेतर्फ हामी लागेका छौं ।'




अध्यक्ष दाहालले संविधान र जनताको रगत-पसिनाबाट प्राप्त उपलब्धिहरूलाई उल्ट्याउने प्रवृत्ति यसअघि पनि देखिएको र अहिले पुनःत्यसको पुनरावृत्ति हुने खतरा औंल्याए । 'यथास्थिति र प्रतिगमन उल्ट्याउने प्रयास भइरहेको अवस्थामा हामीले पार्टीको अभियान रोकेर प्रतिवाद गऱ्यौं । अहिले पनि त्यो प्रवृत्ति जारी छ,' उनले भने ।

# लमजुङ 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना' जिल्ला घोषणा




**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १७ असार

गण्डकी प्रदेशको पहाडी जिल्ला लमजुङलाई 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना' जिल्ला घोषणा गरिएको छ । मंगलबार बेसिशहर नगरपालिका-८ स्थित जिल्ला समन्वय समितिको सभाहलमा आयोजित विशेष कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्णप्रसाद पाठकले सो घोषणा गरेका हुन् ।

घोषणा कार्यक्रममा मन्त्री पाठकले प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको उल्लेख गर्दै बालबालिकालाई खोपका माध्यमबाट रोगबाट सुरक्षित राख्न सकिने बताए । उनले प्रदेश अस्पताल बेसिशहरलाई सय शय्याको अस्पताल बनाउन आगामी आर्थिक वर्षका लागि १४ करोड रुपैयाँको बजेट विनियोजन गरिएको जानकारी पनि दिए ।

कार्यक्रममा बोल्दै बेसिशहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले बालबालिकाको स्वास्थ्यप्रति राज्यले गम्भीर रूपमा लगानी गरिरहेको बताए । उनले बालबालिका कुनै पनि स्वास्थ्य सेवाबाट बञ्चित हुनु नहुनेमा जोड दिए ।

१६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकाले पूर्ण खोप पाएका आधारमा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख प्रविणकुमार खनालले लमजुङलाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको रूपमा घोषणा गरिएको जानकारी दिए ।

उनका अनुसार जन्मेदेखि १५ महिनासम्मका १,७४६ बालबालिका र १६-२३ महिनासम्मका १,०८१ बालबालिकाले नियमित खोप कार्यक्रमअनुसार सबै खोप प्राप्त गरेका छन् । खोपमार्फत रोगको रोकथाम, निवारण र उन्मूलन सम्भव हुने भएकाले यस अभियानले बाल, शिशु र मातृ मृत्युदर घटाउन मद्दत पुऱ्याउने उनले बताए ।

पहिलो पटक लमजुङलाई २०७३ पुस २६ गते पूर्ण खोप जिल्ला घोषणा गरिएको थियो । त्यसयता प्रत्येक वर्ष नियमित रूपमा यो घोषणा दोहोरिँदै आएको छ ।

यस वर्ष खोप पाएका बालबालिका मध्ये बेसिशहर नगरपालिका २३८, सुन्दरबजार नगरपालिकामा १३७, राइनास नगरपालिकामा १८६, मध्यनेपाल नगरपालिकामा १६८, दोर्दी गाउँपालिकामा ११७, मर्स्याङ्दी गाउँपालिकामा ११८, क्व्होलासोथर गाउँपालिकामा ५६ र दुधपोखरी गाउँपालिकामा ६० जना बालबालिकाले आवश्यक सबै खोप प्राप्त गरिसकेका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख पूर्णबहादुर गुरुङ, उपप्रमुख बुनाकुमारी रिमाल, प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेल, विभिन्न पालिकाका अध्यक्ष तथा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

सो अवसरमा प्रत्येक पालिकाबाट उत्कृष्ट स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई सम्मान समेत गरिएको थियो । यस अभियानले संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सेवा नागरिकको मौलिक हक हो भन्ने अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न महत्वपूर्ण भूमिका खेलेको सहभागीहरूले बताएका थिए ।

# उत्कृष्ट ३० शिक्षक सम्मानित



**सुर्खेत/मस-** कर्णालीका १० जिल्लाका ३० जना शिक्षकलाई सम्मान गरिएको छ । उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम अन्तर्गत शिक्षा विकास निर्देशनालयद्वारा छनोट भएका ३० जना शिक्षकलाई सम्मान गरिएको हो ।

उत्कृष्ट शिक्षक छनोट मापदण्डका आधारमा शिक्षकलाई सम्मानित गरिएको सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले बताए ।

'प्रत्येक जिल्लाबाट माध्यमिक तह एक निम्नमाध्यमिक तह एक प्राथमिक तह एक गरी जम्मा तीन जना छनौट गर्नुपर्ने थियो,' उनले भने, 'जसमा कम्तीमा एक जना महिला अनिवार्य समावेश हुने गरी छनौट गर्नुपर्ने मापदण्ड बनाएका थियौं ।'

प्रत्येक तह कक्षा ५, कक्षा ८,र एसइईको परीक्षामा उत्कृष्ट सिकाई उपलब्धि भएका र विगत ३ वर्षको शैक्षिक सत्र (०७९, ८० र ८१) सिकाई उपलब्धि उच्च भएको हुनुपर्ने र एउटै स्थानीय तह वाट एक मात्र पर्ने गरी सम्बन्धित विद्यालय, पालिका र शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित सिफारिस हुनुपर्ने मापदण्ड तोकिएको शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

त्यस्तै, ५ वर्ष स्थायी सेवा अवधि भएको, राष्ट्रिय, प्रदेश र स्थानीय तहबाट शिक्षक प्रोत्साहनसँग सम्बन्धित कुनै पनि पुरस्कार तथा प्रोत्साहन प्राप्त नगरेको शिक्षकले स्व-घोषणा गरी विद्यालयको सिफारिस पत्रमा उल्लेख भएको हुनुपर्ने र शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ (संशोधनसहित) अनुसार कुनै पनि विभागीय सजाय नपाएको शिक्षक छनोट गरेर सम्मानित गरिएको निर्देशनालयले जनाएको छ ।

# दाताहरूको सहयोगमा देवघाटको सरकारी वृद्धाश्रम धानिँदै



**सुवास लामिछाने/मध्यान्ह**
चितवन, १७ असार

पवित्र ऐतिहासिक तीर्थस्थल देवघाट धाममा सरकारी तवरबाट सञ्चालित वृद्धाश्रम दाताहरुको सहयोगबाट धानिँदै आएको छ ।

केही वर्षयतासम्म सरकारी बजेटको अभावमा दैनिक खाद्यन्न जुटाउन कठिन परेको देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा पछिल्ला वर्षमा खाद्यान्न र लत्ताकपडा दाताहरुको सहयोगबाट आउने गरेको छ ।

देवघाट क्षेत्र विकास समितिले सञ्चालन गरेको यस केन्द्रमा ३५ जना वृद्धवृद्धाहरु रहेका छन् । वि.स. २०५२ सालमा स्थापना भएको देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा वार्षिक तलब र खाद्यान्न गरेर अनुमानित वार्षिक रु.४० लाख हाराहारीमा खर्च हुने गरेको देवघाट क्षेत्र विकास समितिका सूचना अधिकारी पुष्पराज पौडेलले बताए ।

सूचना अधिकारी पौडेलका अनुसार केही वर्षअघिसम्म बजेटको अभावमा वृद्धवृद्धालाई पालन पोषणका लागि विभिन्न ठाँउमा गुहार्नपर्थ्यो । दाताले पुण्यतिथि,जन्मदिन,स्मृति दिन,वैवाहिक गठबन्धनका दिन वृद्धवृद्धाका लागि खानाका लागि दिएको रकमले देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रम सञ्चालन गरिरहेको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक एवं समाज कल्याण केन्द्र वृद्धाश्रमका अध्यक्ष सदन बरालले बताए ।

देवघाट क्षेत्र विकास समितिले सम्बन्धित स्थानिय निकायको सिफारिसमा पालनपोषण गर्ने आफन्त नभएका ६५ वर्ष नाघेका वृद्धा र ७० वर्ष नाघेका वृद्धलाई वृद्धाश्रममा राख्दै आएको छ ।

ती वृद्धवृद्धाका लागि कतिपय दाताले नगद सहयोग पनि गर्ने गरेका छन् । वृद्धवृद्धाहरुको स्वास्थ्य उपचार देवघाट गाँउपालिका -५ मा रहेको धमार्थ अस्पताल देवघाटमा हुने गरेको छ ।

बरालले पछिल्लो समय वृद्धवृद्धालाई मायाँ गर्नुपर्छ भन्ने भावनाको विकास हुँदा आर्थिक अभावमा रहेको केन्द्र दाताको सहयोगमा सहज सञ्चालन भएको बताए । केन्द्रमा थप वृद्धवृद्धा राखेर उनीहरुको राम्रो पालनपोषण गर्ने देवघाट क्षेत्र विकास समितिको उद्देश्य रहेको उनले बताए । वृद्धाश्रममा ६ जना कर्मचारीले दैनिक कार्य सम्पादन गर्दै आइरहेका छन् ।

# छेन्दुमा नेपाली विद्यार्थीहरूको ऐतिहासिक दीक्षान्त समारोह तथा बिदाइ कार्यक्रम सम्पन्न



**मध्यान्ह संवाददाता**
चीन, १७ असार

चीनको छेन्दुमा अध्ययन पूरा गरेका नेपाली विद्यार्थीहरूका लागि छेन्दुस्थित नेपाली महावाणिज्यदूतावास र नेप्लिज स्टुडेन्ट्स अर्गनाइजेसन, चीन (पूर्वएसोसिएसन अफ नेप्लिज स्टुडेन्ट्स,चीन)को संयुक्त आयोजनामा एक भव्य र ऐतिहासिक दीक्षान्त समारोह तथा बिदाइ कार्यक्रम सम्पन्न भएको छ ।

विश्वभर रहेका नेपाली कूटनीतिक नियोगहरूले पहिलोपटक यस प्रकारको कार्यक्रम आयोजना गर्नु नेपाली विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई संस्थागत रूपमा सम्मान गर्ने ऐतिहासिक प्रयासका रूपमा हेरिएको छ ।

कार्यक्रममा छेन्दुस्थित नेपाली महावाणिज्यदूत सुरेश राउत, वाणिज्यदूत कोमल बराल र उपवाणिज्यदूत विनोद खनालको उपस्थिति रहेको थियो । उनीहरूले अध्ययन पूरा गरेका विद्यार्थीहरूलाई बधाई दिँदै चीनमा प्राप्त ज्ञान, सीप र अनुभवलाई नेपालको समृद्धिमा उपयोग गर्न प्रेरणा प्रदान गरे ।

नेप्लिज स्टुडेन्ट्स अर्गनाइजेसन, चीनको स्थापना कोभिड-१९ महामारीको समयमा भएको हो, जब चीनमा रहेका नेपाली विद्यार्थीहरू विभिन्न कठिनाइ भोगिरहेका थिए । गैर-नाफामूलक उद्देश्यले स्थापना भएको यस संस्थाले आपतकालीन सहयोग, शैक्षिक समन्वय, सांस्कृतिक कार्यक्रम र संस्थागत सहकार्यको माध्यमबाट दूतावास, विश्वविद्यालय र विद्यार्थीहरूबीच सेतुको भूमिका निर्वाह गर्दै आएको छ । दीक्षान्त समारोह तथा बिदाइ कार्यक्रम संस्था र महावाणिज्यदूतावासको सहकार्यमा सम्पन्न भएको हो । यस्ता प्रयासले विदेशी भूमिमा रहेका नेपाली विद्यार्थीहरू र कूटनीतिक नियोगबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै दूतावासको उत्तरदायित्वपूर्ण भूमिकालाई उजागर गरेको छ ।

### महावाणिज्यदूत राउतको आग्रह

दूतावासको प्राङ्गणमा आयोजित कार्यक्रममा प्रमुख अतिथि महावाणिज्यदूत सुरेश राउतले सहभागी विद्यार्थीहरूलाई बधाई दिँदै चीनबाट प्राप्त ज्ञान र अनुभवलाई मातृभूमिको सेवा र विकासमा लगाउन आग्रह गरे ।

साथै, उनले नयाँ पहलस्वरूप चीनबाट स्नातकोत्तर तथा अनुसन्धानग्रन्थ (थेसिस) तयार गरेका विद्यार्थीहरूको कृति संकलन गरिने योजना सार्वजनिक गरे । ती कृतिहरूलाई विशेष पुस्तकालय तथा अभिलेखको रूपमा संग्रह गरिने र भविष्यमा नीति निर्माण, विकास आयोजनासहित शैक्षिक अनुसन्धानमा सन्दर्भ सामग्री बन्न सक्ने उनले विश्वास व्यक्त गरे । यो पहलले विद्यार्थीहरूको श्रमलाई दीर्घकालीन योगदानमा रूपान्तरण गर्ने लक्ष्य राखेको उनले बताए ।

### प्रेम जोशीको प्रेरणादायी सन्देश

नेपाली कांग्रेसका युवा नेता तथा सिचुवान विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा विद्यावारिधि गरिरहेका प्रेम जोशीले विद्यार्थीहरूलाई सामाजिक निराशा, नकारात्मकता र द्वन्द्वात्मक सोचबाट टाढा रहन आग्रह गरे । उनले विदेशमा प्राप्त ज्ञान, दृष्टिकोण र सीपलाई मातृभूमिको सेवा र सामाजिक रूपान्तरणमा लगाउनुपर्ने साझा कर्तव्य भएको बताए । चेङ्दुमा अध्ययनरत नेपाली विद्यार्थीहरूले भोग्ने चुनौतीहरूको चर्चा गर्दै उनले सकारात्मक सोच, सहकार्य र साझा भविष्य निर्माणमा केन्द्रित रहन सुझाव दिए ।

### डा.श्रेष्ठको अनुभव र दृष्टिकोण

साउथवेस्ट जियाओटोंग विश्वविद्यालयबाट वास्तुकला विषयमा विद्यावारिधि गरेका डा.राम श्रेष्ठले पाँच वर्षे चीनको शैक्षिक यात्राको अनुभव बाँडे। उनले चीनको शैक्षिक प्रणालीले आफूलाई आत्मानुशासन, सहनशीलता र बहुआयामिक सोच सिकाएको बताए । 'वास्तुकला र निर्माण क्षेत्रमा चीनमा प्रयोग हुने नवीनतम प्रविधिहरू नेपालमा पनि समय बचत र कार्यक्षमता वृद्धि गर्ने साधन बन्न सक्छन्,'उनले भने । इञ्जिनियरिङ र वास्तुकलाको संयोजनमा आधारित विकास मोडेल नेपालमा अवलम्बन गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

### सुमिता चोलेखोको भावुक मन्तव्य

सिचुवान विश्वविद्यालयमा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर अध्ययन गरिरहेकी सुमिता चोलेखो छेन्दुमा बिताएको समय स्मरण गर्दै भावुक भइन् । उनले भनिन्, "छेन्दुमा पाइला टेकेको पहिलो दिनदेखि नै नेपाली महावाणिज्यदूतावास मेरो दोस्रो घरजस्तै बन्यो । कठिन समयमा यहाँका कर्मचारीहरूले दिएको साथ, मार्गदर्शन र आत्मियता आज पनि मनमा अमिट छ।" कार्यक्रममा सहभागी सबैप्रति आभार प्रकट गर्दै उनले यस्तो सम्मानले आफूलाई थप जिम्मेवार र प्रेरित बनाएको बताइन् । कार्यक्रममा महावाणिज्यदूतावासले दीक्षित भएका सम्पूर्ण नेपाली विद्यार्थीहरूलाई मायाको चिनोसमेत प्रदान गरेको थियो ।

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Receptionist : 2 (Female) Salary - 20000
Documentation : 2 (Male/Female) Salary - 25000
Counselor Officer : 2 (Male/Female) Salary - 35000

माथि उल्लेखित पदहरुको हकमा अंगेजी भाषाको राम्रो ज्ञान भई कम्प्युटरमा Word, Excel र Photoshop चलाउन सक्नेले तर सम्बन्धित कामको Experience नभएकोले पनि सम्पर्क गर्न सक्नु हुनेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालयमा असार २२ गते आईतबारको दिन ११ बजे देखि हुनेछ ।

मिराकल म्यानपावर प्रा. लि.
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
श्रम इजाजत नं. १२२३/०७४/०७५
Mobile No: 9709127227
Email: manpowermiracle33@gmail.com, Web.: manpowermiracle.com

## UAE मा PSBD Security Guard हरुलाई रोजगारको अवसर

Company Name: Aljaber Security Company W.L.L
पुनः विज्ञापन। पुर्व स्वीकृती मिति: २०८०/१२/१६ चलानी नं. ६०२१७५८१ LT. NO. 302771

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्युनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard (PSBD) | 101 | 25 | काममा दक्ष | 2000 | ७४,१८५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ ।

अंग्रेजी लेख्न-पढ्न र बोल्न सक्ने, पुरुषको उचाई ५ फिट ७ ईन्च र महिलाको ५ फिट भन्दा माथी हुनुपर्नेछ । उमेर २१ देखि ३९ वर्ष सम्म भएको हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

अन्तरवार्ता २०८२ असार २२ गते (6 July, 2025) होटल टुरिष्टइन, इटहरीमा, २०८२ असार २३ गते (7 July, 2025) जनप्रिय थकाली होटल पोखरामा, २०८२ असार २४ गते (8 July, 2025) होटल सेन्टर प्वाइन्ट विर्तामोडमा र २०८२ असार २५ गते (9 July, 2025) यस प्रा. लि. को कार्यलय सामाखुशी काठमाडौंमा हुनेछ ।

Euro Asia H.R. Solutions Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9860111396
Govt. Lic: 1162/073/74
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## युएईमा रोजगार

कम्पनी : Dubai Pipes Factory LLC
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ चलानी नं.: ६०२४०४८५
शहर : UAE
L.T. No.: 326570

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 25 | 0 | स. काममा दक्ष | 800 | २९,८२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २५ गते (9 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KHUMBU OVERSEAS SERVICES PVT. LTD.
सिनामंगल, काठमाडौं, नेपाल , फोन: ०१४११६६८३, Email:khumbuoverseas1@gmail.com
श्रम इजाजत पत्र नं. ४५६/०६०/०६१

## शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर
ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

रोजगारदाता कम्पनी: आबु दावी नेशनल होटेलस (क्याटरिङ), युएई
Employer Company : ABU DHABI NATIONAL HOTELS (CATERING),UAE

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८०/१०/१० | चलानी नं.: | ६०२१३६९२ | एल टी नं.: | २९८७०९ | पुन विज्ञापन |
| Pre Approval Date: | 2024/01/24 | Invoice No.: | 60213692 | L.T. No.: | 298709 | Re Advertisement |
| पूर्व स्वीकृत मिति: | २०८०/०५/१७ | चलानी नं.: | ६०२०७११६ | एल टी नं.: | २९१९५५ | पुन विज्ञापन |
| Pre Approval Date: | 2023/09/03 | Invoice No.: | 60207116 | L.T. No.: | 291955 | Re Advertisement |
| पूर्व स्वीकृत मिति: | २०८१/१२/२९ | चलानी नं.: | ६०२३६०८९ | एल टी नं.: | ३२१९७७ | पुन विज्ञापन |
| Pre Approval Date: | 2025/04/11 | Invoice No.: | 60236089 | L.T. No.: | 321977 | Re Advertisement |

| सि.नं S.N. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 89 | 214 | 800 | २९,८२४ | कम्पनीको नियम अनुसार | ८ धण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 48 | 0 | 1200 | ४४,७३६ | कम्पनीको नियम अनुसार | ८ धण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |

The final interview will be conducted in the office on 18 & 19 July 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन २ र ३ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोट: आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कस्ले व्यहोर्ने Who will bear the Service Fee |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

मध्यान्ह राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ असार २०८२ बुधबार
2 July 2025, Wednesday

## सम्पादकीय

# बन्द कोठामा कानुन बनाउँदाको परिणाम

नेपालमा पछिल्लो १७ महिनादेखि निरन्तर बहसमा रहेको विषय हो– सरकारी कर्मचारीका लागि कुलिङ पिरियड राख्ने कि नराख्ने ? २१ फागुन २०८० मा प्रतिनिधि सभामा 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' दर्ता भएसँगै यो विषय बहसमा छ । सरकारी कर्मचारीले अवकाशलगत्तै संवैधानिक र कूटनीतिक नियुक्ति पाउने प्रावधानले कर्मचारी र नेताबीचको साँठगाँठले निरन्तरता पाएकाले सुशासन कायम गर्नमा समस्या पारेको सांसदहरूको कथन रहँदै आएको छ । नेपाली कांग्रेसका सांसद हृदयराम थानीले 'नेता र कर्मचारीको हिमचिमले नेपालमा भ्रष्टाचार बढाएकाले कुलिङ पिरियड' राख्नैपर्छ भनेर संसद्मा दिएको अभिव्यक्तिले धेरैलाई झस्काएको थियो । तर प्रतिनिधि सभाबाट निजामती सेवा विधेयक पारित भइसक्दा समेत यो विषय बहसमै छ ।

विधेयकमाथिको छलफल एउटा कोणबाट गर्ने र विधेयकका भाषा अर्कै कोणबाट लेख्ने प्रवृत्तिले कुलिङ पिरियडको प्रावधान राख्ने विषयमा रस्साकस्सी लामो समयसम्म चलेको हो । किनभने, विधायिकी मनसाय र जनताको राय अवकाश पाएका कर्मचारीलाई निश्चित समय संवैधानिक र कूटनीतिक नियुक्ति नदेऊ भन्ने प्रष्ट छ । यही प्रष्टता सांसदले सार्वजनिकरूपमा व्यक्त गरिरहँदा कानुन निर्माणमा कहाँनेर समस्या पऱ्यो ? यसबारे आमनागरिक र सरोकारवाला जानकार छैनन् । किनभने, निजामती विधेयकमाथिको छलफल बन्द कोठामा भयो र पारित गरियो । नेपालले अवलम्बन गरेको शासन व्यवस्थामा खुलापन न्यूनतम सर्त हो । खुला छलपल गर्ने र छलफलमा नागरिकका रायसमेत लिएर जनप्रतिनिधिले कानुन बनाउने विश्वास संसदीय व्यवस्था र प्रजातन्त्रमा गरिन्छ । तर निजामती विधेयकको हकमा खुलापनको अभ्यास भएन । गोप्य छलफलबाटै राज्य व्यवस्था तथा सुशासन समितिले निजामती विधेयक २ जेठ २०८२ मा पास गऱ्यो ।

सामान्यतया विधेयक पास भएपछि सार्वजनिक गरिन्छ । तर निजामती विधेयकको प्रतिवेदन फेरि लुकाइयो । समितिबाट पास भएको १ महिनापछि १ असार २०८२ मा प्रतिनिधि सभामा विधेयकको प्रतिवेदन पेस भयो । त्यसपछि यो विधेयक सार्वजनिक भयो । सबै सांसदहरूका लागि संसद्को पिजन हलमा राखियो । अर्थात, संसदीय समितिबाट पास भएको विधेयकको प्रतिवेदनमा के कस्ता विषय छन्, कमजोरी केही छन् कि भनेर सबै सांसदहरूले पढ्न पाए । १५ असारमा ६ घण्टा बढी छलफल गरेर निजामती विधेयक प्रतिनिधि सभाले पारित गऱ्यो । तर जब राष्ट्रिय सभामा पठाउन लागियो तब एकाएक कुलिङ पिरियडका विषयमा अस्पष्ट भाषा प्रयोग भयो भनेर प्रश्न उठ्यो । राज्य व्यवस्था समितिकै सदस्यहरू कर्मचारीलाई दोष दिएर पन्छिन खोज्दैछन् । यहाँनेर विचारणनीय प्रश्न छ– निजामती विधेयकमाथि किन गोप्य छलफल गरेको ? यसैको परिणाम हो कुलिङ पिरियडको अस्पष्टता । यसकारण बन्द कोठामा कानुन बनाउन छोड्नुपर्छ । अन्यथा, समस्याको सही समाधान हुँदैन ।

# पक्षपाती लोकतन्त्र

*सरकारी बजेटले व्यक्ति र दल आबद्धताकै प्रतिष्ठानहरूका नाममा झोला भरिदिएको छ । बजेट वितरित गरिरहेको छ । प्रकाशमानदेखि प्रचण्डसम्मका नाममा बजेट छुट्याइएको छ...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

स्रोतहरू खुम्चँदै जाँदा लोकतन्त्रका विकृतिहरू भने फराकिलो हुँदै आएका छन् । स्रोत खुम्चेकै भनेर कर्मचारीको तलब बढेन, वृद्धहरूको मुखैको भत्ता खोसियो । राजनैतिक खर्च भने असीमित छ । तीन तहका सरकारहरू छन्, एउटाले अर्काको दुरुस्तै कपी गर्छ । संघले के-के गऱ्यो, त्यसको सिको सबै प्रदेशले गर्नुपर्ने र त्यसको पनि सिको पालिकाहरूले गरिरहेका छन् । केन्द्रमा बजेट ल्याउँदा घम्साघम्सी चलेझैँ प्रदेश र पालिकाहरू त्यही नक्कल गर्दैछन् भने संयन्त्रहरू देशले धान्नै नसक्ने गरी खुलेका छन् । दल निकट, जनता विकट र दल भक्ति, दल सम्बद्ध संस्था निकट पर्ने गरेको छ बजेट ।

केन्द्रमा केपी ओली रनिङ शिल्ड वितरण हुने गरेको छ भने पालिकाका वडा-वडामा पनि अब वडाअध्यक्ष फुटबल, क्रिकेट, शिल्ड नाना नाम गोत्रका पुरस्कार र प्रतियोगिताको होडबाजी चलेको छ । लाग्छ, अब देश सिद्धिने र दल मात्रै बाँकी रहने अवस्था आउँदै छ । केन्द्रको केपी ओली कप, प्रचण्ड कप महिला भलिबल, गणेशमान बक्सिङ प्रतियोगिता, शेरबहादुर सम्बद्ध सभापति कप फुटबल बस् धेरै यस्तै नामका संघ संस्थाहरू छन्, जसले बजेटलाई लेनौ भैँसी बनाएका छन् । पाँच दर्जन बढी यस्ता संस्थाहरूमा ५० बढीले सरकारी हण्डी लिएका छन् ।

सरकारी बजेटले व्यक्ति र दल आबद्धताकै प्रतिष्ठानहरूका नाममा झोला भरिदिएको छ । बजेट वितरित गरिरहेको छ । प्रकाशमान मन्त्री छन्, पिता गणेशमान स्मृति प्रतिष्ठानले आउने बजेटमा ५० लाख पाउने भएछ । आमा मङ्गलाको नाममा १० लाख पाउने भएछ । मदन भण्डारी पूर्व राष्ट्रपतिका पति हुन्, उनको नाममा स्पोर्टस् एकेडेमी स्थापित छ, १ करोड बजेट छुट्ट्याएको देखिन्छ । पूर्वप्रधानमन्त्री गिरिजाको स्पोर्ट्सका नाममा नामा ५० लाख राखिएछ । अझ अघिका प्रधानमन्त्री विपीका नाममा उनकै संस्थालाई ५० लाख राखिएछ । सरकारले यो वर्ष अहिलेसम्मकै ठूलो बजेट खेलकुद मन्त्रालयलाई दिएछ । ठूलो हिस्सा नेता, कार्यकर्ताहरूका नाममा बजेट छुटाइएकाले त्यसको गुन तिर्नका लागि विपक्षीले सदन चर्काए पनि सरकारमा बस्ने दलहरूले आ-आफ्ना कार्यकर्ताहरूलाई अधिवेशनमा अनिवार्य उपस्थित भई बजेटको पक्षमा मतदान गरी बजेट पारित गराउन ह्विप जारी गरेका थिए । लोकतन्त्रमा ह्विप र अध्यादेशको अस्त्र कति भद्दा मजाकको विषय होला त ? केन्द्रमा मात्र यस्तो परम्परा होइन, यसको सिको प्रदेश र अरू पालिकाहरूले पनि गर्ने नै हुन् ।

धेरै दिन अघिदेखि संसद् अवरुद्ध रह्यो, सबै दलहरूलाई समेटेर संसद् अघि बढ्न सकेको छैन र यसपालि पनि निजामती विधेयक पाखा लाग्ने लक्षण देखिएको छ । नयाँ मसला आयो 'कुलिङ पिरियड'को । जसले ठूलो रडाको मच्चिएको छ । अघिपछि सांसद सदस्यहरूकै रेखदेखमा कुनै घोटाला भए छानबिन गर्ने गरिएकोमा अब त नयाँ रीति आएको छ, भर्खरै मन्त्रिपरिषदले भिजिट भिसा प्रकरणमा छानबिन गर्न पूर्वमुख्य सचिवको नेतृत्वमा समिति बनाएछ । यसअघि संसद् अवरोध हुँदा संसद सदस्यहरूकै नेतृत्वमा छानबिन समिति बनाइएको देखिन्थ्यो । अतः विषयवस्तु र मान्छेको अनुहार हेरेर समिति बनाउने परम्परा पनि लोकतन्त्रको पाटो बनेको छ । एकै नीति लागु हुन्न, केस बेसिसमा थरिथरिका प्रावधानहरू तय गरेर लोकतन्त्रले विभेद गरेको छ । लोकतन्त्रमा भन्ने एक, गर्ने अर्कै यो लोकतन्त्रको सुन्दर पक्ष भएको छ ।



लोकतन्त्रले गर्ने भनेर नगरेका काम धेरै छन्, पहिले नै हो रासायनिक मल कारखाना खोल्ने भनेको, यसलाई लोकतन्त्रको हावादारी गफ मानिएको छ भने सातै प्रदेशमा औद्योगिक ग्राम खोल्ने भनेको धेरै वर्ष भयो, खोलेको छैन । वि.सं. २०७५/०७६ को बजेटमै बोलिएको थियो, राष्ट्रिय योजना आयोग । आफूले पनि भनेको थियो कि पन्ध्रौं योजना अवधिमै देशमा ३५१ वटा औद्योगिक ग्रामहरू बनाउने भनेर । औद्योगिक ग्रामहरू स्थापना भएको भए, स्थानीय कच्चा पदार्थ, स्रोत, सीप र बजार पनि स्थानीय नै हुन्थे प्रयोगमा । बेरोजगारी समस्याको केही हदसम्म हल हुन्थ्यो ।

भर्खरैको जेठमा मात्रै ७५ हजार नेपालीले वैदेशिक रोजगारीका लागि देश छोडेको तथ्यांक बाहिर आएको थियो । यस्तो क्रम जारी छ विगतदेखि नै । विदेशमा समस्या परेको स्थानबाट आफैं फिर्ता गर्न नसकी भर्खरैको इरान-इजरायल युद्धको चपेटाबाट बच्न इजरायलमा भएका केही नेपालीहरूलाई उद्धार गरी ल्याउने कार्यमा दिल्लीले सहयोग गर्नुपरेको अवस्था छ । यहाँ बहाना यति धेरै छन्, औद्योगिक वातावरण बन्न, कि जग्गा प्राप्ति हुन सकेन । बनसँग भोगाधिकारको कुरो मिलेन, स्रोतको पर्याप्त व्यवस्था भएन भन्दै घोषणा गरिएका औद्योगिक ग्रामहरू पन्ध्रौं योजना व्यतीत भयो खुलेनन् । सोह्रौं योजनाको थालनी समय पनि धेरै भइसक्या छ । खुलेको भनेको अछाम, तनहुँ, स्याङ्जा, गुल्मीमा एक/एक वटा मात्रै हो अहिलेसम्म । ३५१ मा ४ उपलब्धि लोकतन्त्रले बोलेकै कुरामा डिस्काउन्ट गर्नुपर्ने प्रतिशत कति होला ?

> *विषयवस्तु र मान्छेको अनुहार हेरेर समिति बनाउने परम्परा पनि लोकतन्त्रको पाटो बनेको छ । एकै नीति लागु हुन्न, 'केस बेसिस'मा थरिथरिका प्रावधानहरू तय गरेर लोकतन्त्रले विभेद गरेको छ । भन्ने एक, गर्ने अर्कै, यो लोकतन्त्रको सुन्दर पक्ष भएको छ...*

हालका प्रधानमन्त्रीले एकैपल्ट अनलाइनबाट सयौं स्वास्थ्य संस्थाहरूको उद्घाटन गरेका थिए धेरै पहिले, खुलेका छैनन् । खुलेकामा चिकित्सक छैनन्, औषधि पाइन्न । बिमा भन्यो लोकतन्त्रले गत वर्षदेखि नै अतिरिक्त रकम सशुल्क भनेर थप उठाउने गरिएको छ । यसो गर्दा पनि नभएर अब औषधि नै रोकेको छ, बिमा भुक्तानी त रोकिएकै छ । वीर अस्पताल जस्तो ठूलो संस्थाबाट पनि सेवा नपाइएको अवस्था छ । वीरमा औषधि छैन रे, भए पनि दिन मिल्दैन रे ! ३ महिना पुग्न एक दिन बाँकी हुँदा पनि कम्प्युटरले ओषधि ब्लक गरेर राखेको पाइयो । दिन पुगेकै बेला जाने कसरी ? बिदा पनि पर्ला, चिकित्सक भेट्ने कसरी, बिमामा छाप लगाउँदा एक दिन होइन दुई दिन बितिसक्छ । ल्याब रिपोर्टदेखि सबै कागजात अद्यावधिक गर्न धेरै समय लाग्छ, तर कम्प्युटरले एक दिन बाँकीमा पनि औषधि दिन मिल्दैन भनेर दीर्घ रोगीहरूलाई फर्काइएको छ । हालसालै यो नयाँ कुरा आएको छ । दल निकटलाई भरमार थेग्न सक्ने बजेटले बिरामी, कर्मचारी, वृद्ध वृद्धालगायतका विषयमा यति निठुरी किन हुन्छ, कोसँग जवाफ छ होला यसको ?

## इतिहासमा आज

२ जुलाई २००२ मा स्टिभ फोसेट बेलुनमा एक्लै उडान गरेर बेलुनमार्फत विश्वभर एक्लै उड्ने व्यक्तिको रेकर्ड कायम गरेका थिए ।



२ जुलाई २०१० मा प्रजातान्त्रिक गणतन्त्र कंगोमा दक्षिण किभुमा पेट्रोलियम पदार्थ बोक्ने ट्रक विस्फोट हुँदा २३० जनाको ज्यान गएको थियो ।



२ जुलाई २०१३ मा इन्डोनेसियाको आचेहमा ६.१ म्याग्निच्युडको भूकम्प जाँदा ४२ जनाको मृत्यु भएको थियो ४२० जनाभन्दा बढी घाइते भएका थिए ।



२ जुलाई २०२४ मा भारतको उत्तर प्रदेशस्थित हाथरसमा एक धार्मिक कार्यक्रमको क्रममा भागदौड हुँदा कम्तिमा १२१ जनाको मृत्यु र १५० जना घाइते भएका थिए ।



# दलतन्त्रको छायामा लोकतन्त्र

विचार



● दिनेश अर्याल

> *वास्तविक लोकतन्त्रका लागि आवश्यक छ– दलको अनुशासन र पारदर्शिता । तर, हाम्रो दलहरूभित्र नै आन्तरिक लोकतन्त्रको अभाव छ । नेतृत्व चक्रब्यूहमा जस्तै छ, जहाँ एक पटक शीर्षमा पुगेका व्यक्ति तिनै रहन्छन्, प्रतिस्पर्धा नगरी, जवाफदेही नबनी...*

लोकतन्त्र भन्नासाथ जनताको शासन भन्ने बुझिन्छ । जनताको सहभागिता, समान अवसर, स्वतन्त्रता, विधिको शासन, उत्तरदायित्व र पारदर्शितामार्फत समाज रूपान्तरण गर्ने प्रणालीका रूपमा लोकतन्त्र विश्वभर स्थापित हुँदै गएको छ । तर, नेपालजस्ता मुलुकमा लोकतन्त्रको नाममा दलतन्त्रले समाजलाई मात्रै होइन, जनआस्थालाई समेत बिथोल्न थालेको यथार्थ निराशाजनक हुँदै गएको छ । जनताको प्रतिनिधित्व गर्ने भनिएका राजनीतिक दलहरू जनसेवाको भन्दा सत्ताको खेलमा रमाउन थालेपछि लोकतन्त्रको आत्मा खल्बलिएर दलतन्त्रको कुरुप अनुहार मात्र देखिन थालेको छ । २०४६ सालको जनआन्दोलनपछि नेपाली समाजमा बहुदलीय लोकतन्त्र स्थापना भयो । २०६२/६३को दोस्रो जनआन्दोलनपछि गणतान्त्रिक शासन प्रणालीको स्थापनासँगै लोकतान्त्रिक अभ्यास झनै सशक्त हुने अपेक्षा गरिएको थियो । तर, त्यो अपेक्षाविपरीत नेपाली लोकतन्त्रले राजनीतिक दलहरूको गम्भीर हस्तक्षेपका कारण जनताको शासनभन्दा पार्टीहरूकै भागबण्डाको शासनको रूपमा आफूलाई प्रकट गरिरहेको छ । लोककल्याणकारी राज्यको आशा गरेका जनतालाई अहिलेको अवस्था अपमान, निराशा र बेवास्ताको अवस्थामा ल्याइपुऱ्याइएको छ ।

लोकतन्त्रको मूल मर्म हो- जनताको इच्छाअनुसार शासन व्यवस्था सञ्चालन हुनु हो । तर, नेपाली लोकतन्त्रमा पार्टी नेतृत्वको इच्छा र गुटको स्वार्थअनुसार नीति निर्माण र कार्यान्वयन हुने क्रम सामान्य जस्तै बनेको छ । सांसद, मन्त्रीदेखि प्रधानमन्त्रीसम्म चयन गर्ने प्रक्रियामा जनताको मतभन्दा पार्टीको गुट बलियो भएको प्रमाणित भइरहेको छ । यो दलतन्त्रको दुष्चक्र हो, जसले जनताको आत्मबल चुसेर सत्ता-शक्ति केही मुट्ठीभर नेताहरूको वरिपरि सीमित गरिदिएको छ ।

यसरी दल केन्द्रित संरचनाले समग्र लोकतान्त्रिक प्रणालीमा नै गम्भीर विकृति ल्याएको छ । राज्यका अंगहरूमा स्वतन्त्रता नभएपछि न्यायपालिका, सुरक्षा संस्था, संवैधानिक निकायहरू समेत दलहरूको प्रभावबाट अछुतो रहन सकेका छैनन् । उदाहरण स्वरूप संवैधानिक परिषद्को सिफारिस होस् वा सार्वजनिक निकायमा नियुक्ति, सबैमा पार्टीको सिफारिस, कोटावादी संस्कृति र भागबण्डाको परिपाटी हावी छ । यसले संस्थागत लोकतन्त्रलाई गम्भीर खतरा उत्पन्न गराइरहेको छ ।

दलतन्त्रले सबैभन्दा गम्भीर असर जनताको आकांक्षामा पारेको छ । चुनावपछिका निरन्तर सरकार परिवर्तन, मन्त्रीहरूको अस्थिरता, नीतिमा निरन्तर विचलन, जनतामाझ गरेका वाचा बिर्सिने प्रवृत्तिले आमजनतामा राजनीतिप्रति वितृष्णा बढाएको छ । जनताले दिएको मत विकासको लागि होइन, कुर्सीको लफडाका लागि प्रयोग भइरहेको देख्दा लोकतन्त्रप्रति आस्था गुम्नु अस्वाभाविक होइन । जब जनता निराश हुन्छन्, तब लोकतन्त्रको जग नै हल्लिन थाल्छ ।

आज नेपालमा देखिएको राजनीतिक अन्योल, भ्रष्टाचार, बेरोजगारी, विकासको गतिहीनता, सामाजिक असमानता आदि समस्याको जरो पनि यही दलतान्त्रिक विकृतिमा गाडिएको छ । प्रत्येक राजनीतिक निर्णयमा सैद्धान्तिकभन्दा सत्ताको अंकगणित बलियो बनाइएको छ । यसले जनताको विश्वास मात्रै होइन, संस्थाको विश्वसनीयता पनि गुमाएको छ । लोकसेवा आयोगजस्ता संस्थामा समेत राजनीतिक हस्तक्षेप हुनुको मूल कारण दलतान्त्रिक सोच हो, जसले स्वतन्त्र र निष्पक्ष व्यवस्थालाई कमजोर बनाइरहेको छ ।

वास्तविक लोकतन्त्रका लागि आवश्यक छ- दलको अनुशासन र पारदर्शिता । तर, हाम्रो दलहरूभित्र नै आन्तरिक लोकतन्त्रको अभाव छ । नेतृत्व चक्रब्यूहमा जस्तै छ, जहाँ एक पटक शीर्षमा पुगेका व्यक्ति तिनै रहन्छन्, प्रतिस्पर्धा नगरी, जवाफदेही नबनी । जनताको प्रतिनिधि भन्नेहरूले जनताको हिसाब-किताब राख्नुको साटो आफ्नो गुट र स्वार्थको सुरक्षामा व्यस्त छन् । जनतासँग तिनको सम्बन्ध चुनावमा मत माग्दा मात्रै देखिन्छ ।

यसरी दलतन्त्रको नियन्त्रणमा परेको लोकतन्त्र न त जनताको शासन रहन्छ, न नै समाजको रूपान्तरणको साधन । लोकतन्त्रको नाममा थोपरिएको दलतन्त्रले शासनलाई पहुँचवालाको पेवा बनाउँछ, जसमा न त गरीबको आवाज पुग्छ, न न्याय पाउने ढोका खुल्छ । यसको अन्त्यका लागि दलहरूले आत्मसमीक्षा गर्नुपर्छ, पारदर्शिता र जवाफदेहिता अभ्यास गर्नुपर्छ, र जनतालाई केन्द्रमा राख्नुपर्छ ।


यदि लोकतन्त्र बचाउनुपर्छ भने दलतन्त्रको सट्टा जनताकै प्रतिनिधित्व हुने संरचना निर्माण गर्न जरुरी छ । प्रतिनिधित्वको प्रक्रियामा आमनागरिकको आवाज बलियो हुनुपर्छ र दलहरू जनताका सेवक होइन, मालिक बन्ने प्रवृत्तिबाट अलग हुनु पर्दछ । नत्र भने, लोकतन्त्रको नाममा निरन्तर दलतन्त्रको नियन्त्रणमा जनताले मौनता, पीडा र बेवास्ता मात्र भोगिरहनुपर्नेछ । लोकतन्त्रको रक्षा दलहरूकै सुधार र जनताको सचेत सक्रियताबाट मात्र सम्भव छ ।

## सामाजिक सञ्जाल



**मुमाराम खनाल**

निजी स्कुल चलाउने शिक्षामन्त्री, निजी अस्पताल चलाउने स्वास्थ्य मन्त्री र म्यानपावर व्यवसायी श्रममन्त्री बनेजस्तै कुनै पनि 'स्वार्थको बझान' हुने जिम्मेवारी भ्रष्टाचार हो भन्नेमा मलाई कुनै भ्रम छैन । यस्तो अनैतिक कर्मको हिजो पनि विरोध गरियो, आज पनि गरिन्छ र भोलि पनि गरिनेछ ।




**विपिन अधिकारी**

यदुवंश विनाशको कथाले मानिसलाई बुझाउन चाहन्छ कि अहंकार, अधर्म र नैतिक पतनले सशक्त वंशको पनि विनाश हुन सक्छ, चाहे त्यो श्रीकृष्णको संरक्षणमा नै किन नहोस् । संसद प्रजातान्त्रिक आस्थाको धरोहर हुनका लागि संसदभित्र हेर्नेलाई पनि लाज हुने परिस्थितिको निरन्तर निर्माण कसैको हितमा हुँदैन ।



**शरदराज पाठक**

धर्म निरपेक्षता जस्तो संवेदनशील र दूरगामी महत्वको मुद्दा उ बेला संविधानमा घुसेको नि थाहै पाएनन् । अहिले 'कुलिङ्ग अफ पिरियड'मा शाब्दिक चलखेल । हामीले कस्ता-कस्ता हुस्सु, गैरजिम्मेदार, आफ्नो कर्तव्यप्रति असंवेदनशील व्यक्तिहरूलाई सांसद बनाउँदै आएका छौं भनेर एक पटक ऐना हेरौं ।



**कृतिका थारु**

नेपाली भाषा बोलचालको माध्यम मात्र होइन, यो हाम्रो पहिचान, इतिहास र आत्माको स्वर हो । जसरी आमाको ममता शब्दले मापन गर्न सकिँदैन, त्यसरी नै नेपाली भाषाको महत्वलाई नेपालबाट उपेक्षा गर्न सकिँदैन । यो सर्वप्रिय छ र सम्मानको हकदार छ । आफ्नो भाषालाई तिरस्कार गर्नु भनेको आफैँलाई नकार्नु हो



मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# कुलिङ पिरियड हटाइनु संसदको अपमान : शिवाकोटी



**काठमाडौं/मस**–निजामती सेवा विधेयकमा गरिएको संशोधनप्रति आपत्ति जनाउँदै नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजय बाबु शिवाकोटीले यसलाई 'संसदको अपमान'को संज्ञा दिएका छन् ।

मंगलबार सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा राख्दै नेता शिवाकोटीले प्रतिनिधिसभाबाट दुई वर्षे कुलिङ पिरियडसहित पारित विधेयकमा मर्म विपरीत छेडछाड गरी संसदलाई गुमराहमा पारिएको आरोप लगाए । 'लोकतान्त्रिक विधि र संसदप्रतिको विश्वासमाथि ठाडो प्रहार भएको छ,'शिवाकोटीले लेखेका छन् ।

उनले केही व्यक्तिको साँघुरो स्वार्थ पूर्ति गर्न विधेयकमा तोडमोड गरिएको उल्लेख गर्दै संसदलाई बुख्याचा बनाउने चलखेल अब सह्य नहुने चेतावनी दिएका छन् । 'संसदीय निर्णयलाई ऐनले निष्क्रिय तुल्याउने अभ्यास स्वीकार्य छैन,' उनले भनेका छन् । शिवाकोटीले संसदमा पारित विधेयकमा कसको निर्देशनमा कुन प्रक्रियाबाट र किन छेडखानी गरियो भन्नेबारे तत्काल संसदीय छानबिन गर्नुपर्ने मागसमेत गरेका छन् । 'संसदीय प्रणालीको रक्षा गर्न आजैबाट संसदको निर्णय उल्ट्याउने प्रवृत्तिलाई रोकिनुपर्छ,'उनले जोड दिए ।

# जुम्लाको तीला-७ मा पक्की सिँचाइ कुलो निर्माण, ८६ घरधुरी लाभान्वित

**कमल कुमाल/मध्यान्ह**
जुम्ला, १७ असार

जुम्लाको तीला गाउँपालिका-७ स्थित झुसेअरादेखि बल्लाबाटा हुँदै लुलेसम्मको सिँचाइ कुलो निर्माण सम्पन्न भएको छ । कुलो निर्माणसँगै स्थानीयवासी उत्साहित बनेका छन् । गाउँपालिका र बेलायती राजदूतावासको आर्थिक सहयोगमा सञ्चालित 'स्थानीय पूर्वाधार सहयोग कार्यक्रम' अन्तर्गत ३६० मिटर लम्बाइको पक्की कुलो निर्माण भएको हो । अघिल्ला वर्षसम्म बसौँदेखि काठको पँदालो प्रयोग गरेर खेतमा पानी झार्दै आएका स्थानीयले अब भने दीर्घकालीन सिँचाइ समाधान पाएको प्रतिक्रिया दिएका छन् ।

वडाध्यक्ष खम्बीलाल रोकायाका अनुसार, 'कुलो निर्माणपछि हरेक वर्ष काठको पँदालो बदल्नुपर्ने झन्झट हटेको छ । यसले जंगलको फडानीसमेत रोकिनेछ ।'

कुलो निर्माणमा स्थानीय श्रमिकहरू समेत संलग्न गरिएका थिए । विगतमा रोजगारीका लागि भारत जानुपर्ने बाध्यतामा रहेका



युवाहरू यस पटक गाउँमै आम्दानीको स्रोत पाएर सन्तुष्ट देखिएका छन् ।



उपभोक्ता समितिका अध्यक्ष आइते रोकायाका अनुसार कामदारहरूलाई छनोट

गरी उनीहरूको बैंक खातामार्फत पारदर्शी रूपमा ज्याला भुक्तानी गरिएको हो ।

महिला श्रमिक बाँचु रोकाया भन्छिन्,' पहिले नगदमा ज्याला पाउँदा ढुक्क हुन सकिँदैनथ्यो । अहिले बैंकमार्फत तलब आउँछ, जसले सुरक्षित महसुस गराउँछ ।" उनले महिला तथा पुरुष दुवैलाई समान ज्याला दिइएको र कार्यस्थलमा प्राथमिक उपचारको व्यवस्था गरिएको जानकारी दिइन् । वडा प्राविधिक राम देवकोटाका अनुसार, करिब ३० लाख २६ हजार रुपैयाँको लागतमा सम्पन्न भएको यस आयोजनाबाट ४६ घरधुरीले प्रत्यक्ष रोजगारी पाएका छन् भने ८६ घरधुरीले सिँचाइ सुविधा प्रयोग गर्न सक्नेछन् । कुलोले करिब ९ हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पुऱ्याउनेछ । स्थानीय अगुवा कृषकहरूका अनुसार, सिँचाइ सुविधाले वार्षिक दुई बालीबाट तीन बाली लिन सकिनेछ । साथै, करेसाबारीमा सागपात, टमाटर जस्ता तरकारी उत्पादन बढेपछि पोषणमा समेत सुधार आउने विश्वास गरिएको छ ।

# टोखामा नि:शुल्क स्वास्थ्य परीक्षण, ९५ जनाले लिए सेवा

**काठमाडौं/मस**–काठमाडौं टोखा नगरपालिका-३, भूतखेलमा सोमबार बिहान आयोजित नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । मंगलबार सम्पन्न कार्यक्रममा ९५ जनाले स्वास्थ्य सेवा लिएका छन् ।

कार्यक्रम भूतखेल जुम्बा योग परिवारको आयोजनामा तथा लायन्स/लियो क्लब अफ काठमाडौं नेपालय, प्रयासनगर, गुणकेश्वरी र शुभारम्भको प्रायोजनमा तथा लाइफ क्वेस्टको सहकार्यमा सम्पन्न भएको हो ।

बिहान ६ बजेबाट सुरु भएको कार्यक्रममा ब्लड सुगर, युरिक एसिड, क्रिएटिनिन, एसजीपीटी, टोटल कोलेस्टेरोल र ट्राइग्लिसराइड्स जस्ता परीक्षणहरू नि:शुल्क गरिएको थियो ।

स्वास्थ्यप्रति चेतना फैलाउने र रोगको सुरुवाती अवस्था पहिचान गर्न यस्ता कार्यक्रमहरू



प्रभावकारी हुने आयोजकहरूको भनाइ छ । कार्यक्रममा भूतखेल जुम्बा योग परिवारका संचालक बुद्ध श्रेष्ठ, अंकित सिलवाल, लालबहादुर रायमाझी, दिनेश सिटौला र भुवन श्रेष्ठ लगायतको सक्रिय भूमिका रहेको थियो ।

साथै, लायन्स डिस्ट्रिक्ट ३२५ का वरिष्ठ लिडरहरू लायन सुधीर शर्मा, मनकृष्ण श्रेष्ठ, अमित थापा, जोली सिलवाल, भाष्कर श्रेष्ठ, मधव लामिछाने, सबित्रा तामाङ, रिजन चेयरपर्सन लक्ष्मी शर्मा, लियो प्रेसिडेन्ट सुलभ थकाली, लायन तिर्थ घिमिरे, नेपालय क्लबका पीभीएसटी भुवन श्रेष्ठ, लक्ष्मण सिलवाल, प्रकाश श्रेष्ठ, गुणकेश्वरी क्लबकी अध्यक्ष अर्चना गौतम, लियो सदस्यहरू र भूतखेल जुम्बा परिवार तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको लयान्स क्लब अफ काठमाडौं नेपालयका अध्यक्ष तथा जुम्बा योग परिवारका सञ्चालक भुवन श्रेष्ठले जानकारी दिए ।

# बझाङ छबिसपाथिभेराका विभिन्न योजनाहरूको अनुगमन



**रमेशबहादुर सिंह/मध्यान्ह**
बझाङ, १७ असार

बझाङका प्रमुख जिल्ला अधिकारी कैलाश ठकुराठीको नेतृत्वको एक टोलीले छबिसपाथिभेरा गाउँपालिकामा विभिन्न योजनाहरूको अनुगमन गरेको छ ।

टोलीमा बझाङ जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी युवराज भण्डारी, सशस्त्र प्रहरी बलका डिएसपी दुर्गाप्रसाद भट्ट, जिल्ला समन्वय समितिका उपप्रमुख कृष्ण बहादुर बिष्ट, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख कविराज कडायत, कोष तथा लेखा नियन्त्रण कार्यालयका कर्मचारी, नागरिक समाज प्रतिनिधि धर्मजङ बहादुर सिंह तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

टोलीले छबिसपाथिभेरा गाउँपालिका-३ अन्तर्गत पर्ने पाटा गाउँ र डाँडाखेतमा निर्माण गरिएका बाख्रा खोरहरूको निरीक्षण गरेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बझाङको आर्थिक सहयोगमा निर्माण भएका ती खोरहरूको अनुगमन गरिएको हो । पाटा गाउँका कृषक रमेश बहादुर सिंहले बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत निर्माण गरेको खोरको समेत टोलीले अवलोकन गरेको थियो । सो खोर निर्माणमा २ लाख ४० हजार रुपैयाँ कार्यालयबाट अनुदान प्रदान गरिएको छ भने २ लाख रुपैयाँ सिंहको व्यक्तिगत लगानी रहेको छ । साथै, कार्यालयले थप २ लाख ४० हजार रुपैयाँ बराबरको १० वटा बाख्रा खरिदका लागि समेत अनुदान दिएको जनाइएको छ । करिब ५०-६० बाख्रालाई समेट्ने क्षमता रहेको सो खोरमा सिंहले बाख्रापालन व्यवसायमा सक्रियता देखाएका छन् ।

त्यसैगरी, डाँडाखेतका कृषक खगेन्द्र सिंहद्वारा निर्माण गरिएको बाख्रा खोरमा समेत सोही अनुसारको बजेट विनियोजन गरिएको कार्यालय प्रमुख कडायतले जानकारी दिए । अनुगमन टोलीले सो दिन छबिसपाथिभेरा गाउँपालिका-३ भित्र निर्माण गरिएका अन्य बाख्रा खोर तथा स्थानीय कृषकहरूले सञ्चालन गरेका खुकुरा र कालिज पालन योजनाहरूको समेत अवलोकन गरेको थियो । प्रमुख जिल्ला अधिकारी ठकुराठीले यस्ता कार्यक्रमहरूले ग्रामीण भेगमा आर्थिक स्वावलम्बनको बाटो खोल्ने विश्वास व्यक्त गरे ।

# शान्ति, सुरक्षा र समन्वयमा प्रजिअ अर्यालको प्रतिबद्धता

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ असार

अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गोपाल प्रसाद अर्यालले जिल्लामा शान्ति सुरक्षा, सुशासन, भ्रष्टाचार नियन्त्रण र मुस्कानसहितको सेवा प्रवाहलाई आफ्नो प्राथमिकता बनाउने प्रतिबद्धता जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा मंगलबार सञ्चारकर्मीहरूसँगको परिचयात्मक कार्यक्रममा बोल्दै प्रजिअ अर्यालले सबै सरोकारवालाको सहकार्य र समन्वयमा मात्रै शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सकिने बताए । 'सबैको साथ र सहयोग रहे शान्ति सुरक्षा तुरुस्त-दुरुस्त बनाउनेछु,' उनले भने ।

अर्घाखाँची जिल्लामा आएपछि दर्जनौं जिल्लामा गरेको कामहरुको अनुभवलाई सहि ढंगले प्रयोग गरी जिल्लाको समृद्धिमा योगदान



दिने बताउँदै खुला सीमाना, पहाडी भौगोलिक चुनौती र सुरक्षासम्बन्धी संवेदनशीलतालाई ध्यानमा राखी निरन्तर निगरानी र पहल अघि बढाउने स्पष्ट पारे ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) चक्रबहादुर मल्लले लागुऔषध नियन्त्रण, चोर निकासी, जनचेतनामूलक कार्यक्रम र सुरक्षा अवस्थाबारे प्रष्ट पार्दै प्रहरीको सक्रियताबारे जानकारी गराए ।

